२१औं वार्षिक प्रतिवेदन

आ.व. २०७३/७४

HYATT
REGENCY™

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

Nagarkot Hall

Bhaktapur Hall



Godawari Hall

विषय सूची

क्र.सं.	विषय	पृष्ठसंख्या
१.	२१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना	ख
२.	सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन	१
३.	लेखापरिक्षकको प्रतिवेदन	१७
४.	वासलात	१९
५.	नाफा नोक्सान हिसाव	२०
६.	नगद प्रवाह विवरण	२१
७.	इक्विटीमा भएको परिवर्तको विवरण	२२
८.	अनुसुचीहरु	२३
९.	प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु	२९
१०.	लेखा सम्बन्धि टिप्पणीहरु	३५
११.	नोट	४०

सञ्चालक समिति

संचालक समिति

श्री राधेश्याम सराफ
श्री अरुण कुमार सराफ
श्री सुरेशलाल श्रेष्ठ
श्री तारागाँउ विकास समिति - (१ जना प्रतिनिधि हाल मनोनयन नभएको)
श्रीमती कमला देवी श्रेष्ठ
श्री उमेश सराफ
श्री राजेशलाल श्रेष्ठ
श्री वरुण सराफ
श्री इन्द्रप्रसाद राजभण्डारी
श्री श्रीवत्स शमशेर राणा
श्रीमती दिजा श्रेष्ठ

कम्पनी सचिव

श्री विकास अग्रवाल

प्रमुख वित्तीय अधिकृत

श्रीमती रानी बंग

लेखा परिक्षक

श्री बि.के. अग्रवाल
बि.के. अग्रवाल एण्ड कम्पनी

कानूनी सल्लाहकार

अधिवक्ता रमण कुमार कर्ण
रमण एण्ड एसोसीएट्स, लयर्स चेम्बर

रजिष्टर्ड अफिस

बौद्ध, जि.पि.ओ. बक्स ९६०९, काठमाण्डौं, नेपाल
फोन नं. ०१-५१७१२३४/४२१७१२३
फ्याक्स : ०१-५१७८३७९
Email: info@taragaon.com, share@taragaon.com

२१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७४।०९।०२ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २१औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

I. छलफल तथा निर्णयको लागि निर्धारित विषय सुची

(क) सामान्य प्रस्ताव :

१. आ.व.२०७३।०७४ को संचालक समितीको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०७३।०७४ को लेखापरिक्षण गरिएको वासलात, नाफा-नोक्सान हिसाव किताब खाता तथा नगद प्रवाह विवरणहरू स्वीकृत गर्ने ।

३. आ.व. २०७४।०७५ को लाीग लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । लेखापरिक्षण समितीको सिफारिश अनुसार कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम हालको लेखापरिक्षक बि.के.अग्रवाल एण्ड कम्पनीका श्री बि.के.अग्रवाल पून: नियुक्त हुन नसक्ने भएकोले, सुन्दर एण्ड कम्पनीलाई लेखापरिक्षक नियुक्त गर्नु पर्ने ।

४. विविध ।

(ख) विशेष प्रस्ताव :

१. मिति २०७४।०२।२९ को संचालक समितीको बैठकको निर्णय तथा सिफारिस बमोजिम प्रबन्ध संचालक तथा कार्यकारी संचालकलाई आगामी ४ वर्षको लागि पुन:नियुक्त गरी निजहरुको सेवा, शर्त, पारिश्रमिक, सुविधा सम्बन्धी सम्झौता स्वीकृत एवं पारित गर्ने ।

२. मिति २०७४।०९।०२ को संचालक समितिको बैठकको सिफारिस अनुसार कम्पनीका साधारण शेयरधनिहरूलाई ७.३६८ प्रतिशत (कर समेत) नगद लाभांशको प्रस्ताव ।

३. सञ्चालकहरुको बैठक भत्ता वापत रु.५,८८२/- (पाँच हजार आठ सय बयासी मात्र) लाई वृद्धि गरि रु.११,७६४/- (एघार हजार सात सय चौंसठ्ठी मात्र) गर्ने ।

(ग) विविध

II. सभा हुने मिति, स्थान र समय :

मिति : २०७४ चैत्र १२ गते सोमबार (तदनुसार २६ मार्च २०१८) ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौं ।

समय : दिनको ११:०० बजे ।

संचालक समितिको आज्ञाले,

कम्पनी सचिव

तारागाँउ रिजेन्सी होटल्स लि.

द्रष्टव्य :

मिति २०७४।११।१८ गते देखि २०७४।१२।१२ गते सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहनेछ । नेपाल स्टक एक्स्चेन्ज लि. मा मिति २०७४।११।१६ गते सम्म नियमानुसार कारोबार भई यस कम्पनीमा २०७४।११।२८ गते सम्म दाखिला खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

साधारणसभा सम्बन्धी जानकारी

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले यो पुस्तिका तथा पुस्तिकामा भएको प्रवेश पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. सभामा प्रवेशका लागि आउनुहुने शेयरधनी महानुभावहरूले आफ्नो कुनै परिचयपत्र सहित शेयरधनी प्रमाणपत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरूको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ । प्रतिनिधि नियुक्ति गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा संस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनुपर्छ ।

३. सभामा भाग लिन र मतदान गर्नको लागिको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगाडि होटलको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा प्रोक्सी फाराम दर्ता गराई सक्नु पर्नेछ ।

४. प्रोक्सी नियुक्त गर्ने शेयरधनीले आफूले लिएको सम्पूर्ण शेयरको प्रोक्सी एकै व्यक्तिलाई मात्र दिनु पर्नेछ । अन्यथा प्रोक्सी फाराम मान्य हुनेछैन ।

५. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट होटलको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रोक्सी तोक्न सक्नुहुनेछ ।

६. सभामा भाग लिन आउनु हुने प्रत्येक शेयरधनी महानुभाव वा निजका प्रतिनिधिहरूले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने व्यहोरा अनुरोध छ । उक्त हाजिरी पुस्तिका बिहान १० बजेदेखि १ बजेसम्म खुल्ला रहनेछ ।

७. सभामा भाग लिन प्रोक्सी नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

८. संयुक्त रूपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

९. शेयरधनी महानुभावहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा संचालक समितिको तर्फबाट सामुहिक रूपले वा सञ्चालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।

१०. शेयरधनी महानुभावहरूलाई छलफलका विषयमध्ये विविध शीर्षक अन्तर्गत होटल सम्बन्धी जिज्ञासा भए इच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत् यस कम्पनीका अध्यक्षज्यूको नाममा सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

११. मिति २०७४।११।१८ गते देखि २०७४।१२।१२ गते सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहनेछ । नेपाल स्टक एक्स्चेञ्ज लि. मा मिति २०७४।११।१६ गते सम्म नियमानुसार कारोबार भई यस कम्पनीमा २०७४।११।२८ गते सम्म दाखिला खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

१२. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरूलाई झोला/ब्याग आदि नल्याउनु हुन अनुरोध गरिन्छ । साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्नसक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनको निमित्त समस्त शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ ।

१३. साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस होटलको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन अनुरोध छ ।

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको २१औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरू, प्रतिनिधिहरू, आमन्त्रित महानुभावहरू, तथा उपस्थित सबैलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न पाउँदा धेरै खुशी महशुस गरी रहेका छौं । यस कम्पनीले यहाँहरूको अमुल्य सुझाव तथा सल्लाहलाई मार्गदर्शनको रूपमा लिई यस वर्ष पनि विगतका वर्षहरूमा जस्तै उपलब्धीपूर्ण नतिजा हासिल गर्न सक्षम भएको छ । यस सभामा यहाँहरूको उपस्थितिबाट कम्पनीले पाउने सल्लाह, सुझाव, सहयोग र सद्भावले भावि कार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

सञ्चालक समितिको तर्फबाट म आज यहाँहरू समक्ष २०७४ आषाढ मसान्तसम्मको कम्पनीको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायत लेखापरीक्षकको प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दै, कम्पनीले आ.व. २०७३।०७४ मा प्राप्त गरेको उपलब्धि तथा कार्यनीति र आगामी वर्षमा गरिने कार्य योजनाहरू शेयरधनी महानुभावहरू समक्ष प्रस्तुत गर्दछु । यो वार्षिक प्रतिवेदन कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनअनुसार तयार पारिएको छ ।

क) विगत वर्षको कारोबारको सिंहावलोकन :

यस कम्पनीको आ.व. २०७३।०७४ र २०७२।०७३ को कारोबारको तुलनात्मक विवरण निम्नानुसार रहेको छ :

रु. करोडमा

विवरण	आ.व. २०७३/०७४	आ.व. २०७२/०७३	फरक (रकम)	फरक (प्रतिशत)
कोठा विक्रीवाट आम्दानी	७२.९४	५७.२६	१५.६८	२७.३८
खाद्य तथा पेय पदार्थ विक्रीवाट आम्दानी	४८.६१	३८.९०	९.७१	२४.९६
कारोबारबाट आम्दानी	**१२१.५५**	**९६.१६**	**२५.३९**	**२६.४०**
अन्य आम्दानी	२१.४०	१०.९३	१०.४७	९५.७९
जम्मा आम्दानी	**१४२.९५**	**१०७.०९**	**३५.८६**	**३३.४९**
न्युनः विक्रीको लागत	३७.८४	३०.२७	७.५७	२५.०१
न्युनः सञ्चालन, प्रशासनिक तथा साधारण खर्च	५२.७५	४३.७५	९.००	२०.५७
सञ्चालन मूनाफा	**५२.३६**	**३३.०७**	**१९.२९**	**५८.३३**
न्युनः ह्रास कट्टी	१२.३५	१२.२४	०.११	०.९०
न्युनः आवासको व्यवस्था	२.०६	१.०४	१.०२	९८.०८
न्युनः कर्मचारीको बोनस	३.५७	१.७९	१.७८	९९.४४
न्युनः विनिमय परिवर्तनमा नाफा/(नोक्सानी)	(१.३७)	०.००	(१.३७)	१००.००
कर र कर्पोरेट सामाजिक उत्तरदायित्व पहिलेको खूद नाफा	**३५.७५**	**१८.००**	**१७.७५**	**९८.६४**
कर्पोरेट सामाजिक उत्तरदायित्व (सिएसआर)	**०.३५**	-	**०.३५**	**१००.००**
कर पहिलेको खूद नाफा	**३५.४०**	**१८.००**	**१७.४०**	**९६.६९**
न्युनः चालू कर	९.२६	५.२९	३.९७	७५.०५
जोडः पर सारिएको कर	१.९६	०.९७	०.९९	१०२.०६
खूद नाफा	**२८.१०**	**१३.६८**	**१४.४२**	**१०५.४५**

गत वर्षको तुलनामा यस वर्ष उल्लेखनीय सुधार भएको देखिन्छ । यस आ.व. २०७३।०७४ को मुख्य वित्तिय विवरण निम्न प्रकारले प्रष्ट्याइएको छ र माथि उल्लेखित सुचकाङ्कहरू विश्लेषण गर्दा होटलले गत आ.व. २०७२।०७३ मा कुल आय रु. १०७.०९ करोड आर्जन गरेकोमा यस आ.व. मा कुल आय ३३.४९ प्रतिशतल बढेर रु. १४२.९५ करोड पुगेको छ ।

देशको बदलिदो राजनैतिक अवस्था तथा पर्यटन क्षेत्रमा भएको सुधारले गर्दा यस होटलले विगतको वर्षहरूको तुलनामा यस वर्ष बढी आम्दनी गर्न सफल भएको कुरा जानकारीको लागि अनुरोध छ । गत आर्थिक वर्ष २०७२।०७३ मा यस कम्पनीले रु.१३ करोड ६७ लाख खुद नाफा आर्जन गरेकोमा यस आ.व. २०७३।०७४ मा १०५% ले बढेर रु.२८ करोड ७ लाख हुन आएको व्यहोरा जानकारी गराउँदछु । समिक्ष अवधिमा व्याज खर्च शुन्य रहेको कुरा अवगत गराउन चाहन्छौ ।

पुरस्कार :

ह्यात रिजेन्सीको नामले संचालित होटेलले प्रस्तुत आ.व.मा निम्नलिखित पुरुस्कारहरु प्राप्त गरेकोको कुरा सगौरब उल्लेख गर्न पाउँदा हामी गौरान्वित भएका छौ ।

1. Nepal’s Leading Hotel 2017 by 24th Annual World Travel Awards
2. Service Excellence Award 2017 by Luxury Travel Guide
3. Best Employer Brand Award 2017 by World HRD Congress
4. Hotels.com बाट Fabulous 4.3 Loved by Guests Award

Nepal’s Leading Hotel पुरुस्कार आ.बर्ष २०७२।०७३ देखि लगातार रुपमा पांउदै आएको र आ.बर्ष २०७३।०७४ मा पनि उक्त पुरस्कार दोश्रो पटक पाएको जानकारी तपाईहरुलाई गराउन पाउंदा हामी हर्षित भएका छौ । साथै यस होटललाई LUXURY Travel Guide द्वारा Service Excellence Award र Best Employer Brand Awards 2017 द्वारा Best Emplyer Brand बाट सम्मानित गरिएकोमा हामी ज्यादै खुशी भएका छौं ।

कम्पनीले प्रदान गरेको सेवाको उच्च मूल्यांकन गरे वापत उक्त पुरस्कारहरु पाउदा कम्पनीको व्यवसायको वृद्धि हुन साथै हाम्रो हौसला वृद्धि समेत भएको छ ।

कम्पनीको गत ३ आर्थिक वर्षको अक्यूपेन्सी (Occupancy) र कोठाको औसत दर (Average Room Rate) निम्न अनुसार रहेको छ :

विवरण	आ.व. २०७३।०७४	आ.व. २०७२।०७३	आ.व. २०७१।०७२
अक्यूपेन्सी (Occupancy) प्रतिशत	६९%	५७%	६६.८०%
कोठाको औसत दर (Average Room Rate) ARR	१०,९८९.७७	१०,४८५	१०,५०८

यस होटलको गत वर्षको अक्युपेन्सी ५७% र औसत कोठा भाडा दर रु.१०,४८५ रहेको मा यस होटलको यस आ.व.मा अक्युपेन्सी ६९% र औसत कोठा भाडा दर रु.१०,९८९.७७ रहेको कुरा अवगत गराउदछौं ।

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

आर्थिक वर्ष २०६८।०६९ देखि २०७३।०७४ सम्मको यस होटलको कुल आम्दानी, खुद नाफा, क्षेत्रगत आम्दानी, अक्युपेन्सी दर, शिर्षक अनुसार कुल खर्चको विवरण र सञ्चालन नाफाको स्थिति निम्न चित्रबाट प्रष्ट हुने व्यहोरा अनुरोध गर्न चाहन्छु ।













ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट परेको असर :

देशको विकासमा पर्यटन क्षेत्रको उल्लेखनीय योगदान रहेको हुनाले विश्व समाजमा पर्यटन क्षेत्रको भुमिका महत्वपूर्ण रहेको छ । विश्वका थुप्रै देशहरू पर्यटकलाई आकर्षित गर्न सेवा सुबिधा वृद्धि, पर्यटकीय स्थलको विकास, विस्तारमा खर्च जस्ता विभिन्न उपाय अपनाई रहेका छन । पछिल्ला समयमा नेपालले निरन्तर असहज परिस्थिति (जस्तै २०७२ सालको महाभुकम्प, अघोषित नाकाबन्दी, राजनीतिक अस्थिरता आदि) को सामना गरि रहनु परेकोले देश विकासमा सुस्ती आएको थियो । वर्ष २०७४ मा सम्पन्न भएको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनबाट देशमा राजनितिक अस्थिरताको क्रम समाप्त हुने र देश विकास तर्फ प्रस्थान गर्ने हाम्रो आशा छ । Global Competitiveness Rank Report 2017-2018 अनुसार गत वर्षको तुलनामा नेपालको स्थिती राम्रो भएको देखिन्छ । कुल १३७ स्थान मध्ये वर्ष २०१६।०१७ मा नेपालको Global Competitiveness Rank ९८ औं स्थानमा रहेको थियो भने ई.सन २०१७।०१८ मा १० श्रेणी माथि आई ८८ औं स्थानमा पुग्न सफल भएको छ ।

World Travel and Tourism Council को नेपालको सन्दर्भमा जारि भएको Economic Impact 2017 प्रतिवेदन अनुसार पर्यटनले रोजगारीमा समेत उल्लेखनिय योग्दान गर्दछ । सन् २०१६ मा नेपालमा पर्यटनले ४,२७,००० प्रत्यक्ष रोजगारी उत्पादन गरेको थियो भने २०१७ मा ६% ले वृद्धि भई ४,५२,५०० प्रत्यक्ष रोजगारी श्रृजना हुने सक्ने छ । उल्लेखित प्रतिवेदन अनुसार सन् २०१६ मा पर्यटनको कुल ग्राहस्थ उपत्पादनमा ३.६% प्रत्यक्ष योगदान (Direct Contribution) र ७.५% जम्मा योगदान (Total Contribution) रहेको थियो जुनकि २०१७ मा ६.८% प्रत्यक्ष योगदान (Direct Contribution) र ६.२% जम्मा योगदान (Total Contribution) ले वृद्धि हुनसक्ने अनुमान रहेको छ ।

नेपालका विश्व सम्पदा सूचिमा परेका क्षेत्रको उचित व्यवस्थापन गर्न नसक्नु र आफ्नो पर्यटकीय प्रोडक्टको मार्केटिङ गर्न नसक्नु नै पर्यटन विकासको प्रमुख समस्या हो । Nepal Tourism Statistics २०१६ को VISITORS (EXCLUDING INDIANS CITIZEN) TO PASHUPATI AREA BY MONTH, 2011-2016 को तथ्यांक अनुसार पशुपतिनाथ मन्दिरका दर्शनाभिलाशिको संख्या समेत २०१४ को तुलनामा २०१६ मा ठूलो मात्रामा घटेको देखिन्छ । पर्यटन क्षेत्रको विकासका लागि सरकार क्रियाशिल नहुदां विकासले गति लिन सक्दैन । नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट जारि भएको कार्य सम्पादन प्रतिवेदनबाट प्राप्त तथ्यांकानुसार, नेपालमा ६५ प्रतिशतभन्दा बढी पर्यटकहरू मनोरन्जन, घुमफिर र विदा मनाउने उद्देश्य मात्रले आउने गरेका छन् । मनोरन्जन, घुमफिर र विदा मनाउने उद्देश्यको पर्यटनले नेपालको अर्थतन्त्र तर्फ एक महत्वपूर्ण भुमिका राखेको हुनाले नेपालको पर्यटकीय गन्तव्यस्थलको छवि तर्फ ध्यान दिई पर्यटक संख्या वृद्धि तर्फ जोर दिन अत्यन्त आवश्यक छ । **नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट जारि भएको कार्य सम्पादन प्रतिवेदन** अनुसार नेपालका छिमेकी राष्ट्र, भारत (India) र चाईना (China) प्रमुख पर्यटक आगमन हुने मुलुक रहेकोमा २०१५ को तुलनामा २०१६ मा कुल पर्यटक मध्ये भारतबाट आगमन हुने पर्यटकको संख्या १३.९ प्रतिशतबाट वृद्धि भई १५.७ प्रतिशत पुगेको तथा चाईनाबाट १२.० प्रतिशतबाट वृद्धि भई १३.८१ प्रतिशत पुग्न साथै कुल पर्यटकको ३०% भन्दा बढी पर्यटक आउने मुलुक भएकाले पर्यटन क्षेत्रमा नेपालको लागि अत्यन्तै महत्वपूर्ण भुमिका खेल्दै आएका छन् । पर्यटकको संख्यामा वृद्धि भएता पनि प्रति पर्यटक खर्च भने ७० डलरबाट ५३ डलरमा घटी सरदर बसाई अवधिमा १३.१ दिनबाट १३.४ दिन वृद्धि भएको छ । उक्त प्रतिवेदन अनुसार वर्ष २०१५ को तुलनामा वर्ष २०१६ मा पर्यटनका विभिन्न क्षेत्रमा सुधार आएको देखिन्छ । २०१५ मा नेपाल भित्रिएका पर्यटकको कुल संख्या ५,३८,९७० रहेको थियो जुनकि २०१६ मा झण्डै ४० प्रतिशतले वृद्धि भई ७,५३,००२ पुगेको छ । उल्लेख्य मात्रामा पर्यटकको संख्या वृद्धि भएतापनि भूकम्प अघिको अवस्थामा भने फर्कन सकेको छैन ।

जति धेरै पर्यटकको संख्यामा बृद्धि गर्न सक्यो त्यति नै धेरै नेपालको आर्थिक उन्नती हुने हो । त्यसैले पर्यटन तर्फ लगानी बढाई, सरकारी तथा निजी क्षेत्रको पारस्परिक सहयोगमा र सहकार्यमा पर्यटन क्षेत्रको रणनिती, कार्यक्रम र गतिबिधि बनाई आवश्यक मार्केटिङ गर्न सक्ने हो भने हजारौ युवाको रोजगारको बाटो खुल्छ र गरिवीको छायाँमा परेका नागरिकको जीवनस्तरमा सुधार ल्याउन र गरिवी निवारण समेतमा सहयोग पुऱ्याउने छ ।

नेपालमा पर्यटन विकासको सम्भावना उच्च भए पनि सरकारी नीतिगत असफलताका कारण मुलुकले खासै लाभ लिन सकेको छैन । सरकारले पर्यटन विकासका लागि अगाडि सारेको रणनितिक योजना पनि सफल हुन सकेको छैन । अन्तराष्ट्रिय विमानस्थल निर्माणको काम पनि अलपत्र अवस्थामा रहेको छ । काठमाण्डौ उपत्यकाको सडक संजाल जर्जर अवस्थामा रहेको र कतिपय स्थानमा सञ्चालित आन्तरिक हवाइ यातायात पनि सर्वसुलभ हुन नसकि जोखिमपूर्ण समेत रहेकोले तत्कालै प्रयटनको आगमनमा नकारात्मक असर पर्न गयो । नेपालमा ५६ आन्तरिक विमानस्थल रहेकोमा ३२ वटा विमानस्थल मात्र संचालन अवस्थामा रहेका छन । ६ विमानस्थल निर्माणाधिन रहेकोमा १८ विमानस्थल गैर कार्यात्मक (non operating) रहेको अवस्थामा छ । ३२ वटा संचालित विमानस्थल मध्ये २६ विमानस्थल मात्र बाह्रमास संचालित हुन्छन् ।

प्राकृतिक रूपमा सुन्दर भईकन पनि नेपालमा कम पर्यटक आउनु हाम्रा लागि भने चुनौती हो । उक्त चुनौतीको सामना गर्न र नेपाल सरकारबाट जारि भएको टुरिज्म भिजन २०२० लाई मूर्तरूप दिन विभिन्न कमि कम्जोरी जस्तै अपूर्ण पूर्वाधार, पर्यटन क्षेत्रमा अपर्याप्त लगानी, सरकारी र निजि क्षेत्र विच साझेदारीको कमीलाई हटाउनु पर्ने आवश्यकता छ । सरकारको योजना अन्तर्गत सन् २०२० मा २० लाख पर्यटक भित्रयाउन पूर्वाधार निर्माणको क्षेत्रमा सुधार ल्याउनुपर्ने तथा नयाँ बन्न लागेका विमानस्थलहरूको काम चाडो भन्दा चाडो सकाई, सुचारु गरि पर्यटन क्षेत्रको प्रचार प्रसारलाई तीव्र बनाउनुपर्नेछ । साथै, भौगोलिक बनावटका कारण पनि लोकप्रिय बन्दै गएका 'एडभेञ्चर टुरिजम'मा नेपाल उत्कृष्ट गन्तब्य स्थल भएकोले यसको निरन्तरता र प्रवर्धनका लागि बृहत योजना बनाउनु आवश्यक छ ।

अन्तराष्ट्रिय हवाई यातायातको सन्दर्भमा २०१४ मा १३,६०३ अन्तराष्ट्रिय हवाई जहाज नेपाल भित्रिएका थिए जुनकि सन् २०१५ मा घटेर १३,२८३ सम्म पुगेकोमा सन् २०१६ मा २% ले वृद्धि भएतापनि २०१४ को तुलनामा घटेकै अवस्था छ ।

विदेशी मुद्रा आर्जन गर्ने एक मुख्य श्रोत पनि पर्यटन नै हो । पर्यटकले आवश्यक सेवा सुविधा लिदां गरेका खर्चबाट त्यंहाका व्यवसायी तथा रोजगारीमा बृद्धि हुनुका साथ साथै आर्थिक कृयाक्लापमा सुधार हुंदै राष्ट्रको आर्थिक उन्नतीमा समेत सहयोग पुग्दछ । Nepal Tourism Statistics 2016 को Gross Foreign Exchange Earning from Tourism अनुसार २०७१।०७२ मा ५४,४१,००,००० अमेरिकी डलर जम्मा आम्दानी भएकोमा आ.व. २०७२।०७३ मा उक्त आम्दनी २७.८% ले घट्न गई सन् २०७३।०७४ मा ३२.०३% ले वृद्धि भएतापनि २०७१।०७२ को तुलनामा भने घटेकै देखिन्छ । अघोषित नाकाबन्दी तथा विनासकारी भूकम्प र त्यसपछिका लगातार पराकम्पनका कारण नेपालको पर्यटन क्षेत्रमा नकारात्मक असर पारेको थियो । माग र आपूर्ति दुवै गम्भिर रूपमा प्रभावित भई लगभग पर्यटन बजार नै सुषुप्त भएको अवस्था श्रृजित भएको थियो जसले गर्दा पर्यटकहरूले नेपालको भ्रमण गर्न नचाहेको तथ्यबाट नेपाल अहिले पनि पूर्णतः मुक्त हुन सकेको छैन । पर्यटन बजारमा आएको कमीले गर्दा पर्यटन एकमात्र आयको स्रोतको रूपमा रहेका मानिसहरूको जीविकापार्जन गर्ने क्षमता नराम्रोसँग प्रभावित हुन पुगेको छ ।

ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा यस प्रकार छन ।

१. चालु वर्षको २०७४ पौष १७ गते सम्मको उपलब्धि :

रु. करोडमा

विवरण	अपरिष्कृत रकम २०७४ पौष १६	अपरिष्कृत रकम २०७३ पौष १६	फरक (रकम)	फरक (प्रतिशत)
कोठा विक्रीवाट आम्दानी	३४५,०७०,३९९	३२४,६५५,१०६	२०,४१५,२९३	६
खाद्य तथा पेय पदार्थ विक्रीवाट आम्दानी	२०७,४२७,८११	२०५,३३२,०४२	२,०९५,७६९	१
अन्य आम्दानी	८४,६७०,५९३	७३,११८,६०३	११,५५१,९९०	१६
कूल आम्दानी	**६३७,१६८,८०३**	**६०३,१०५,७५१**	**३४,०६३,०५२**	**६**
विक्रीको लागत	(१८०,०५१,७७५)	(१७८,६९०,४३२)	(१,३६१,३४२)	१
सञ्चालन, प्रशासनिक तथा साधारण खर्च	(२४४,०८२,१००)	(२४२,१३२,९५२)	(१,९४९,१४८)	१
सञ्चालन मूनाफा	**२१३,०३४,९२८**	**१८२,२८२,३६६**	**३०,७५२,५६२**	**१७**
व्याज तथा वित्तिय खर्च			-	
ह्रास कट्टी	(५७,७२८,६३३)	(५६,२२९,७९३)	(१,४९८,८४०)	३
आयकर तथा बोनस व्यवस्था अगाडीको खूद नाफा	**१५५,३०६,२९५**	**१२६,०५२,५७३**	**२९,२५३,७२२**	**२३**

चालु वर्ष २०७३।०७४ को असोज १४ गते सम्म होटलको कुल आम्दानी विगत वर्षको सोहि अवधी भन्दा ०६% ले बढी भई रु. ६३,७१,६८,८०३ पुगेको छ । साथै आयकर तथा बोनस अघिको नाफा २३% बढी भई रु.१५,५३,०६,२९५ पुगेको कुरा अवगत गराउदछौं ।

१. चालु वर्षको प्रमुख लक्ष्य :

कम्पनी अन्तराष्ट्रिय स्तरको सुविधा युक्त Event and Exihibitions Center निर्माण गर्न तर्फ प्रतिबद्ध छ । उक्त परियोजनाको लागि तारागाँउ विकास समितीबाट पट्टामा लिएको जग्गा माथि निर्माण गर्न अन्तिम स्वीकृती लिन प्रकृयामा रहेको छ । उक्त स्वीकृती प्राप्त भए पश्चात उक्त परियोजना चाडो भन्दा चाडो निर्माण गरी र कार्यान्वयनमा ल्याउन हामी उत्साहित छौं । साथै होटल क्षेत्रमा बढदो लगानी एंव प्रतिस्पर्धाका बावजुद अक्युपेन्सी र Average Daily Room Rate लाई प्रथम स्थानमा कायम राखि, F&B र Spa सेवाको उपयोगिता बढाउने, कम्पनीले होटेललाई अन्तर्राष्ट्रियस्तरको बनाई राख्न Banquet/Meeting Facilities को renovation सम्बन्धि चालु स्थितीमा रहेको काम पूरा गर्ने र Café Restaurant, Lobby Lounge को renovation को design तयार भै सकेको र उक्त काम चाडों भन्दा चाडों शुरु गरिने योजना रहेको जानकारी गराउँन चाहन्छौ । Occupancy लाई बढाउनका लागि Room Renovation गर्ने तथा अन्य आवश्यक पहल गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन सम्बन्धि प्रदर्शनीहरूमा व्यवसाय प्रवर्द्धन निमित्त भाग लिई सम्भाव्य ग्राहक आकर्षित गरि वहाँहरूलाई उच्चस्तरिय सेवा सुविधा प्रदान गरि आम्दानी वृद्धि गरी यस कम्पनीलाई आर्थिक रूपमा अझै सवल बनाईने र यस वर्ष जस्तै आफ्ना शेयरधनीहरूलाई प्रतिफल प्रदान गर्ने हाम्रो लक्ष्य रहेको छ ।

घ) संस्थागत सामाजिक दायित्व :

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) निर्वाह गर्ने क्रममा निम्नलिखित कार्यहरू गरेको कुरा अवगत गराउन चाहन्छौं :

१. शैक्षिक उत्थानका लागि समाजमा सकारात्मक प्रभाव पारी समग्र शैक्षिक क्षेत्रमा सामाजिक जागरण ल्याउन श्री गार्गी कन्या गुरुकुल प्रतिष्ठान, मालिगाउँ, काठमाण्डौंलाई एकमुष्ठ रु. ५ लाख आर्थिक सहयोग ।

२. कम्पनीले Buddhist Child's Home को Monthly Birthday Celebration योजना अन्तर्गत उक्त गैर लाभकारी संगठन (Non-Profit Organisation) लाई योगदान ।

३. कम्पनीले Buddhist Child's Home लाई ५६ बोरा चामल दान ।

४. चापाबोट, शंखरापूरको स्थानीय महिलाहरूका निमित्त Health Camp with free Check-Up & Medicine to Society in Need नामक परियोजना (Specialist Services for Prolapsed Uterus, Cervical Cancer & Breast Cancer) को लागि जम्मा रु.१,५१,७६५/- योगदान ।

५. श्री गार्गी कन्या गुरुकुल प्रतिष्ठान, मालिगाऊँ, काठमाण्डौंलाई जनवरी र मार्च महिनामा चामल को जम्मा १२ बोरा सहयोग ।

६. अन्तराष्ट्रिय महिला दिवस अन्तर्गत St Xavier School मा Wall of Hope को निर्माणमा संलग्न स्वयंसेवकहरूका लागि १५० भेज खाजा प्याक ।

७. Nepal Red Cross Society द्वारा आयोजित रक्त दान कार्यक्रममा होटलले ४ घण्टा निमित्त Refreshments सहित प्रशिक्षण कोठा उपलब्ध गराएको ।

८. Land Conservation day मा यस होटलले जामुन र आँपका ३५ वटा रुखको वृक्षारोपण ।

९. १० अगस्त २०१७ मा गएको बाढबाट धनुषा जिल्ला जनकपूरका बाढ पिडितहरूको फाउण्डेशन लाई सहयोग गरेको हो ।

१०. ३५.५ के.जी. साबुन Eco-Soap Bank नामक संगठनलाई Save, sanitize and supply परियोजना अन्तर्गत सहयोग गरेको हो ।

११. Watch, Talk, and Walk Mass Media Project मा कम्पनीले ६ घण्टाको लागि Rox Bar नामक कोठा उपलब्ध गराएको ।

ङ) **कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :**

यस कम्पनीका नीतिगत निर्णयहरू गर्ने संचालक समिति र कार्यन्वयन गर्ने पदाधिकारी एंव संचालनमा सलंग्न सबै सम्बन्धित पक्षहरू, युनियन, कर्मचारी, आपुर्तिकर्ता, ठेकेदार, ट्राभल एजेन्सी, सम्बन्धित सरकारी निकाय तथा अन्य सम्बद्ध व्यक्तिहरूसँगको सम्बन्ध सौर्हादपुण रहेको छ। होटेल सबै पक्षसंगको सुमधुर सम्बन्धको कदर गर्दछ र सबै पक्षहरू बीच पूर्ण सामन्जस्यता कायम राख्दै एउटै परिवारको रूपमा आफ्नोपनको प्रत्याभुति गराऊदै आएकोले कम्पनीमा कार्य अनुकुल वातावरण श्रृजना भइ कम्पनीको व्यवसायिक उन्नति हुदै जाने विश्वास लिएका छौ। साथै सम्बन्धलाई अझ सुमधुर बनाउन कम्पनी निरन्तर प्रयासरत छ। ग्राहकको सन्तुष्टिमा होटेलको सफलता हो भन्ने सिद्धान्त भएकोले ग्राहकलाई उच्च प्राथिमिकतामा राख्न होटेल सधैं तत्पर छ। विविध तथा नविन प्रकारको सेवा र सुबिधाहरू प्रारम्भ गर्दै होटेल आज ग्राहकहरूको आवश्यकता अनुसारका उच्च गुणस्तरीय सेवाहरू प्रदान गर्न सक्ने होटेलको रूपमा परिचित हुन पुगेको छ। फलस्वरूप विभिन्न स्वदेशी तथा विदेशी ग्राहकहरूलाई आकर्षित गर्न सक्षम छ। साथै होटलले स्वच्छ प्रतिस्पर्धा, व्यावसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्वन गर्दै छिटो छरितो तरिकाले यी सबै ग्राहकहरूलाई अन्तर्राष्ट्रिय स्तरको सेवा तथा सुविधाहरू उपलब्ध गराउँदै आएका छौं। साथै यी सेवा र सुविधाहरूलाई अझै गुणस्तरीय बनाउन निरन्तर प्रयत्नशील रहेका छौं।

च) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

समिक्षा अवधिमा यस कम्पनीको संचालक समितिमा कुनै हेरफेर भएको छैन ।

छ) कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

विगत वर्षहरूमा देशले विभिन्न समस्या (अघोषित नाकाबन्दी, भुकम्प र त्यस पछिका पराकम्पनहरू, राजनितिक अस्थिरता जस्ता) को सामना गर्दै आएको छ जस्ले पर्यटन व्यवसायमा समेत असर पारेको हुनाले यो होटल समेत प्रभावित भएको छ । पर्यटकहरूमा नकारात्मकताका कारण पर्यटकको संख्या घट्न गएको थियो । Nepal Tourism Statistics अनुसार नेपालमा तारे होटलको संख्यामा वृद्धि भएको छ । वर्ष २०७३ मा तारे स्तरका होटल ११६ बाट बढेर १२० पुगेको छ जुनकि कार्यान्वयनमा आउन साथ यस होटलको कारोवार माथि पनि असर पार्न सक्छ । राजधानीको विभिन्न स्थानमा चालु स्थितीमा रहेको सडक मर्मत तथा पूर्वाधारले पर्यटन व्यवसायीमा नकारात्मक असर पारेको देखिन्छ । होटल अगाडी र वरि-परिका क्षेत्रको पूर्वाधार निर्माण कार्यहरूले होटल भित्रीएका ग्राहकहरूमा देशमा पर्यटन सम्बन्धि नकारात्मकता श्रृजना गर्छ र सम्भावित पर्यटक पनि घट्न जान्छन् । यातायात स्थिति ठूलो अडचनको रूपमा कायमै छ । आन्तरिक विमानस्थलको भौतिक संरचना स्तर भने निराशाजनक हुनाका साथै आन्तरिक उडाणहरू समेत विश्वासनीय र सुरक्षित बन्न सकेका छैनन तथा अन्तराष्ट्रिय विमानस्थल भएता पनि विश्वको १० सबै भन्दा नराम्रो विमानस्थलको सूचिमा पर्नुका साथै चालु स्थितिमा रहेको भौतिक पूर्वाधारहरू समेतबाट पनि पर्यटन क्षेत्रमा नकरात्मक प्रभाव पर्दछ । नेपालमा हाल सम्म एक मात्र अन्तराष्ट्रिय विमानस्थल भएतापनि सोको भौतिक पूर्वाधार र संरचना अपर्याप्त रहेको खण्डमा विश्व समाजमा नेपालको पर्यटन क्षेत्र प्रति नकारात्मकता उत्पन्न गर्छ । त्यसैले यातायात व्यवस्थाको भौतिक पूर्वाधार निर्माण गरि सुरक्षित तथा उच्चस्तरिय बनाई अन्तरास्ट्रिय कम्पनीका उडानहरू बढाउनुपर्ने आवश्यकता छ ।

ज) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकिया :

यस कम्पनीले नेपाल लेखामान (Nepal Accounting Standards) बमोजिम वित्तीय विवरण तयार तथा प्रकाशित गर्दै आएकोमा आ.व.२०७३/०७४ देखि नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards (NFRS)) लागु भएको सन्दर्भमा लेखापरीक्षकले ध्यानाकर्षण गराएको उपर यस कम्पनीको संचालक समितिले सोहि बमोजिम आउँदो वर्षहरुमा वित्तीय विवरण तयार पार्ने तथा प्रकाशित गर्ने तर्फ ध्यान दिने प्रतिक्रिया दिएको छ ।

झ) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

प्रस्तुत आ.व. २०७३।०७४ मा नोक्सानी रकम रु.१४,०२,१६,६२०/- समायोजन गरे पश्चात इक्विटी शेयरधनीमा वितरण निमित्त कम्पनीसँग यस आ.व.मा रु.१४,०५,५५,७८६/- अधिशेष रहेकोमा संचालक समितिले आफ्ना शेयरधनीहरूलाई ७.३६८ प्रतिशत नगद लाभांश (कर समेत) बाँड्न प्रस्ताव गरेको जुनकि वार्षिक साधारण सभाबाट पारित गरिनेछ ।

ञ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्योस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्योस्तो शेयर जफत भएपछि सो शेयर बिक्रि गरि कम्पनी ले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :

प्रतिवेदन अवधिमा कम्पनीले कुनै शेयरहरू जफत गरेको छैन ।

ट) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुर्वालोकन :

छैन ।

ठ) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएका महत्वपूर्ण परिवर्तन :

छैन ।

ड) विगत आ.व.मा कम्पनीको आधारभुत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी :

हालसम्म यस्तो कुनै जानकारी कम्पनीलाई प्राप्त हुन नआएको ।

ढ) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरूले लिएका शेयर स्वामित्वक विवरण र कम्पनीको शेयर कारोवारमा निजहरू सलंग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी

यस्तो कुनै जानकारी संचालक तथा पदाधिकारीहरूबाट कम्पनीलाई प्राप्त हुन नआएको ।

ण) कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा :

यस सम्बन्धी कुनै जानकारी सञ्चालकबाट कम्पनीलाई हालसम्म प्राप्त हुन आएको छैन ।

त) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुका कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी खरिद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम :

हालसम्म कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

थ) आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण :

होटल सञ्चालनको जिम्मेवारी अन्तर्राष्ट्रिय होटल सञ्चालन गर्ने संस्था “ह्यात इन्टरनेसनल” लाई दिइएको हुनाले विश्वभरी सञ्चालनमा रहेको आफ्ना होटलहरूमा प्रयोग गर्ने अन्तर्राष्ट्रिय स्तरको आन्तरिक नियन्त्रण प्रणाली यस होटलमा पनि लागु गरेको छ । यसका अतिरिक्त होटलले आन्तरिक नियन्त्रणको लागि कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली, लगायत प्रचलित ऐन, कानुन तथा नेपाल पर्यटन विभागबाट प्राप्त निर्देशनको अधीनमा रही कार्य गर्दै आईरहेको छ ।

कम्पनीमा निम्न उल्लेखित आन्तरिक नियन्त्रण प्रणालीहरू क्रियासिल छन :

१) ह्यात इन्टरनेसनलबाट निर्देशित अन्तर्राष्ट्रिय निर्देशनहरूलाई परिपालन गर्नु ।
२) आर्थिक नीति तथा लेखा सम्बन्धि निर्देशिकाहरू परिपालना गर्नु ।
३) प्रत्येक महिना ह्यात इन्टरनेसनललाइ आन्तरिक अनुगमन एवं नियन्त्रण प्रणाली अन्तर्गतक बिभिन्न प्रतिवेदनहरू बुझाउनु ।
४) व्यस्थापन तथा लेखा परिक्षण समितिद्वारा आन्तरिक लेखा परिक्षण प्रणालीको आवधिक पुनरावलोकन गर्नु ।
५) प्रत्येक डिपार्टमेन्टहरूले Standard Operating Procedure पालना गर्नु ।

द) कुल व्यवस्थापन खर्चको विवरण :

होटलको आर्थिक वर्ष २०७३/०७४ मा भएको कुल व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छ :

विवरण	आ.व.२०७३/०७४	आ.व.२०७२/०७३
कर्मचारी खर्च	रु. २४,३५,४१,६४०	रु. २१,७८,९५,७७२
प्रशासकिय तथा व्यवस्थापन खर्च	रु. ३८,०२,२२,४३५	रु. ३१,६५,७३,६५१
बिक्री तथा व्यवस्थापन खर्च	रु. १४,५२,०८,६४१	रु. १०,३२,५४,९७३
जम्मा	रु. ७६,८९,७२,७१७	**रु. ६३,७७,२४,३९६**

गत वर्षको तुलनामा यस बर्षको कुल व्यवस्थापन खर्च २१% ले बढेको कुरा अवगत गराउदछु ।

ध) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरणः

१) **होटलको लेखापरीक्षण समिति सदस्यको नाम तथा पारिश्रमिक :**

पद	सञ्चालकको पुरा नाम	भत्ता वापत प्रदान गरिएको रकम
अध्यक्ष	श्री राजेशलाल श्रेष्ठ	रु. ५,८८२/-
सदस्य	श्रीमती कमलादेवी श्रेष्ठ	रु. ५,८८२/-
सदस्य	श्री उमेश सराफ	रु. ५,८८२/-
	जम्मा	रु. १७,६४६/-

उपरोक्त बैठक भत्ता बाहेक लेखापरीक्षण समितिका सदस्यहरूलाई अन्य केही सुबिधा नदिइएको ।

२) **लेखापरीक्षण समितिले गरेको काम कारवाहीको विवरण :**

लेखापरीक्षण समितिले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको विस्तृत रूपमा अध्ययन गरी होटलको वित्तिय स्थिति, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, ऐन/नियम र निर्देशनको अनुपालना आदि विषयहरूमा सञ्चालक समितिलाई सुधारको लागि सुझाव पेश गर्ने गरिएको छ । साथै आन्तरिक लेखापरीक्षणको सिलसिलामा देखिएको कैफियत भए त्यसको सिफारिस सहित संचालक समितिलाई जानकारी दिने गर्दछ । उक्त समितिको बैठकमा विभिन्न विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि आवश्यकता अनुसार होटलका पदाधिकारीहरूलाई समेत आमन्त्रण गर्ने गरिएको छ । प्रत्येक बैठकमा सहभागीहरू मध्ये सञ्चालकलाई मात्र भत्ता वापत रु. ५,८८२/- सञ्चालक सरह बैठक भत्ता प्रदान गरिदै आएको छ ।

३) **लेखापरीक्षण समितिले सुझाव दिएको भए सो विवरण :**

लेखापरीक्षण समितिले कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि कम्पनी ऐन २०६३ को दफा १६५ को उपदफा (छ) बमोजिम आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरीक्षक न्युक्ति गर्ने प्रावधान अनुसार आ.व. २०७४/०७५ को लेखापरिक्षण गर्नको लागि हालका लेखा परीक्षक श्री बि. के. अग्रवालज्यू, बि. के. अग्रवाल एण्ड कम्पनीको कम्पनी ऐन २०६३ अनुसार ३ वर्षको कार्यकाल समाप्त भएको तथा पुनः नियुक्त हुन नसक्ने भएकोले श्री सुन्दर एण्ड कम्पनी नियुक्तिको लागि योग्य भएको हुनाले आ.व. २०७४/७५ को लागि निजलाई रु.२,००,०००/- पारिश्रमिकमा कम्पनीको लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सुझाव रहेको छ ।

न) सञ्चालक, प्रबन्ध सञ्चालक, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

यस कम्पनिका आधारभूत शेयरधनी आइसिटिसि प्रा. लि. बाट बिक्री गरे वापत रु.२९,९३,६५०/- लिनु पर्ने बाँकी रहेको छ ।

प) सञ्चालक, प्रबन्ध सञ्चालक तथा पदाधिकारीहरूलाई आ.व २०७३/७४ मा भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधा रकम :

सञ्चालक समितिको बैठक बस्दा प्रति बैठक अध्यक्ष र सदस्यहरूलाई समान रूपमा ५,८८२/- बैठक भत्ता प्रदान गरिन्छ । यस आ.व. मा प्रबन्ध संचालक श्री अरूण कुमार सराफज्यु लाई मासिक रु.५,३०,६१२/०५ र कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्युलाई मासिक रु.३,५५,८९८/३३ पारिश्रमिक भुक्तानी गरिएको छ र साथै गाडी तथा इन्धन सुविधा पनि प्रदान गरिएको छ ।

अन्य पदाधिकारीहरूलाई कर सहित तलव रु.६,९२,९१,३२५/- र भत्ता तथा सुबिधा रु.१,५७,६३,९८५/- गरि जम्मा रु.८,५०,५५,३२१/- भुक्तानी गरिएको छ ।

फ) **शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
केही नभएको ।

ब) **विदेशी तथा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण र बुझाउन बाँकी रहेको २०७१ आषाढ मसान्तको साँवा तथा ब्याज रकम :**
छैन ।

भ) **दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको विवरण :**
दफा १४१ बमोजिम खरिद वा बिक्री नगरेको ।

म) **दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**
छैन ।

य) **कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**
नभएको ।

र) **अन्य आवश्यक कुराहरू :**
छैन ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) संग सम्बन्धित अनुसुची १५ अनुसारको अन्य विवरणहरू :

कानुनी कारवाही सम्बन्धी विवरण :

(क) यस अवधिमा कम्पनीले कुनै मुद्दा दायर नगरेको साथै यस अवधिमा कम्पनीको विरुद्धमा कसैवाट मुद्दा दायर भएको कुनै सूचना हाल सम्म प्राप्त नभएको कुरा जानकारी गराउँदछौं ।

(ख) यस कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) कम्पनीको कुनै पनि संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध सम्बन्धी कुनै मुद्दा नभएको ।

संगठित संस्थाको शेयर कारोबार सा विश्लेषण :

(क) नेपाल धितोपत्र बजारमा यस संस्थाको शेयर कारोबारमा बजारले प्रतिपादित गरेको मुल्य तथा मान्यता अनुरूप नै हुने गरेको ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्युनतम र अन्तिम मुल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन ।

समीक्षा अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कुल कारोबार भएको दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार निम्न बमोजिम छः

महिना	अधिकतम मुल्य (रु.)	न्युनतम मुल्य (रु.)	अन्तिम मुल्य (रु.)	कुल दिन	कुल कारोबार शेयर संख्या
आश्विन २०७३	३६५	२५०	२७२	५१	१,९५,०७४
पौष २०७३	२७२	२००	२००	४३	५९,०९८
चैत्र २०७३	२८६	१८७	२७३	५५	१,०९,३९८
आषाढ २०७४	२९४	२४५	२६१	५०	१,०६,५८०

समस्या तथा चुनौती :

अपर्याप्त पर्यटकिय पुर्वाधार, देशमा चालु स्थितीमा रहेको भौतिक पूर्वाधार परियोजनाहरूले गर्दा विद्यमान सडक समस्या र ट्राफिक अवरोध, पर्यटन क्षेत्र तर्फ बढदो लगानी तथा होटलको संख्याले यस क्षेत्रलाई प्रभावित गरि होटलको Occupancy समेत घटाउन सक्ने अवस्थालाई कम्पनीले समस्या तथा चुनौतीको रूपमा लिएको छ । होटेलमा कार्यरत क्रियासिल युनियनहरूले समय समयमा गरि रहेको बन्द हड्ताल, २०७२ सालको विनाशकारी महाभुकम्प पश्चात पर्यटकको संख्यामा आएको कमि, देशमा राजनैतिक अस्थिरता, विदेशी विनिमय दरमा हुने उतार चढाव तथा अचानक आईपर्ने असहज र काबु भन्दा बाहिरको चुनौति बाहेकका चुनौति तथा समस्या समाधान गर्ने, ग्राहकमुखी गुणस्तरीय सेवा सुविधा प्रदान गर्ने, बजार व्यवस्थापन र प्रवर्द्धन गर्ने, पाहुनालाई आकर्षित गर्न रणनिती बनाई कम्पनीलाई आर्थिक रूपमा सवल बनाई शेयरहोल्डरहरूलाई अधिक्तम प्रतिफल उपलब्ध गराउने लक्ष्य रहेको छ ।

संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदमहरूको विवरण :-

(क) कम्पनी तथा ह्यात इन्टरनेसनल होटेल्सको आन्तरिक नियन्त्रण प्रणाली, नीति निर्देशिका, कार्यवधिहरू, नियमहरू र सम्बन्धित ऐन, कानुनका प्रावधान हरूको परिपालना ।

(ख) कम्पनीका संचालक समिति र त्यसका नियमित रूपमा बस्ने बैठकहरू ।

(ग) नियमकारी निकायहरू कम्पनी रजिष्ट्रारको कायार्लय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि. सी. डी.एस. एण्ड किलियरिंग, नेपाल राष्ट्र बैंक, बैंक तथा नागरिक उड्डयन मन्त्रालय आदिवाट जारि भएका नियम, विनियम, निर्देशनहरूको पूर्ण परिपालना गरिएको छ ।

(घ) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षणबाट नियमित रूपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिएका सुझावहरू कार्यान्वयन तथा समीक्षा गर्न लेखापरीक्षण समितिको बैठक बस्ने गरेको छ ।

(ङ) सञ्चालक समिति, लेखापरीक्षण समिति लगायतका विभिन्न समितिहरू क्रियाशील छन् ।

(च) सञ्चालन जोखिमहरू कम गर्न तथा कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरू लागु गरिएको छ ।

धन्यवाद ज्ञापन :

यस होटलको २१औं वार्षिक साधारण सभामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागिता जनाई यस कम्पनीको उत्तरोत्तर प्रगति एवं समृद्धीको लागि आवश्यक सरसल्लाह तथा सुझाव दिनु भएकोमा हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरू लगायत नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, होटल संघ नेपाल, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सि.डि.एस एण्ड

क्लियरिङ्ग लि. आदिबाट प्राप्त नीति निर्देशन होटलको विकासको लागि सदैव मार्ग निर्देशनको रूपमा रहने भएकोले वहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै होटललाई आजको अवस्थामा पुऱ्याउन सहयोग गर्ने स्वदेशी तथा विदेशी संघ संस्थाहरू, होटललाई ऋण प्रदान गर्ने स्वदेशी तथा विदेशी बैंक तथा वित्तीय संस्थाहरू, आन्तरिक र वाह्य लेखापरीक्षक, कानूनी सल्लाहकार, पत्रकार मित्रहरू, तथा अन्य सम्वद्ध संघ संस्था एवम् सम्पूर्ण ग्राहकवर्ग महानुभावहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । सञ्चालक समितिका सदस्यहरूबाट प्राप्त मार्गदर्शनका लागि पनि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा होटलको उत्तरोत्तर प्रगति तथा उन्नतिको लागि अझै रचनात्मक एवं अमूल्य सुझाव तथा योगदानको अपेक्षा राखेको छु । होटलमा कार्यरत सम्पूर्ण व्यवस्थापक, कर्मचारी तथा कामदारहरूलाई वहाँहरूको कर्तव्यनिष्ठता, लगनशीलता ईमानदारीता एवम् निरन्तर रूपमा गरेको अथक परिश्रमको सराहना गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद,
मिति : २०७४/१०/२८

सञ्चालक समितिको तर्फबाट
राधेश्याम सराफ
अध्यक्ष

कार्यकारी संचालक

संचालक

Crowe Horwath.

B.K. Agrawal & Co.
Chartered Accountants
Member Crowe Hworath International

Saraswati Vatika
122 Pannahiti Marg, Sifal Ward No. 7
P.O. Box 3761, Kathmandu, Nepal
T : +077 1 4481865, 4467694
F : +977 1 4480065
E : bkag@crowehorwath.com.np
E : bkag@wlink.com.np
W : www.crowehorwath.net/np

तारागाउँ रिजेंन्सी होटेल्स लिमिटेडका
शेयरधनी महानुभावहरू समक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

वित्तीय विवरण माथी प्रतिवेदन :
हामीले श्री तारागाउँ रिजेंन्सी होटेल्स लिमिटेडको यसै साथ संलग्न ३१ आषाढ २०७४ (जुलाई १५, २०१७) को वित्तीय स्थिति, सोहि मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तनको विवरण एवं प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धि टिप्पणीहरूको लेखा परिक्षण सम्पन्न गरेका छौं ।

वित्तीय विवरणहरूप्रतिको व्यवस्थापनको उत्तरदायित्व :
प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान अनुसार यी वित्तीय विवरणहरू तयार गर्ने तथा सहि प्रस्तुतिकरण गर्ने उत्तरदायित्व व्यस्थापनको रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटिबाट हुनसक्ने सारभूत रूपमा त्रुटिपूर्ण रहित वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन तथा संचालन गर्ने, उपयुक्त लेखा नीतिको छनौट एबं प्रयोग तथा परिस्थिति अनुरूप उचित लेखा अनुमानको प्रयोग पनि समावेश हुन्छ ।

लेखा परिक्षकको उत्तरदायित्व :
लेखापरिक्षणको आधारमा वित्तीय विवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रो लेखा परिक्षण नेपाल लेखापरिक्षण मान वमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरिक्षण अन्तर्गत वित्तीय विवरणमा प्रदर्शित रकम एबं अन्य विवरणहरूको पुस्टयाई गर्ने प्रमाणको नमुना परिक्षण गरिन्छ । नमुना परिक्षण हाम्रो विवेक तथा जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरूमा हुने सारभूत त्रुटिको जोखिमको आंकलनमा भर पर्दछ । जोखिमको आंकलन गर्दा संस्थाका वित्तीय विवरणहरूको तयारी एबं उचित प्रस्तुति सम्बद्ध आन्तरिक नियन्त्रण विश्लेषण गरि परिस्थितिजन्य लेखापरीक्षणका कार्यविधिहरू तर्जुमा गर्छौं । यी लेखापरीक्षणका कार्यविधिहरू संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारितामा राय प्रकट गर्ने प्रयोजनका लागि भने होइनन् । व्यवस्थापनले अवलम्बन गरेका लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरू एबं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन गर्नु पनि लेखापरीक्षण अन्तर्गत पर्दछ । लेखापरीक्षणले हाम्रो रायलाइ पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

क्रमश:

B.K. Agrawal & Co.
Chartered Accountants

कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनले तोकेका कुराहरू उपरको प्रतिवेदन :

क) लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

ख) हाम्रो रायमा हामीले गरेको लेखापरीक्षणको आधारमा कम्पनीले आफ्नो हिसाव किताव प्रचलित कानून वमोजिम राखेको छ ।

ग) हाम्रो रायमा यस प्रतिवेदनसंग सम्बद्ध वित्तीय स्थिति, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तनको विवरण एबं प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धि टिप्पणीहरू कम्पनीले राखेको लेखासंग दुरुस्त रहेको छ ।

घ) हाम्रो रायमा हामिले गरेको लेखापरीक्षणको आधारमा कम्पनीको कारोबार सन्तोषजनक रूपमा संचालन भएको छ ।

ङ) हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पस्टिकरण र हामीले परिक्षण गरेका श्रेस्ताबाट संचालक समिति वा सदस्य अथवा कुनै पदाधिकारीले लेखा सम्बन्धी कानूनी व्यवस्थाहरू विपरित कार्य गरेको वा अनियमितता गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको वा लेखा सम्बन्धी कुनै जालसाजी गरेको जानकारी हुन आएन ।

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुपालनः

नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाबरा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) सार्वजनिक उत्तरदायित्व (Public Accountability) भएका सम्पूर्ण निकायहरूलाई आ.व. २०७३।७४ देखि अनिवार्यरूपमा लागु भएको छ। जस अनुसार Date of Transaction मा शुरु वासलात, गतवर्षको तुलनात्मक वित्तीय विवरणको पुनः प्रस्तुतिकरण (Restate) गरी यस आर्थिक वर्ष २०७३।७४ को वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरूप तयार पारी प्रस्तुत गर्नुपर्नेमा सो बमोजिम गरिएको छैन । यसरी नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरूप वित्तीय विवरण तयार नहुँदा यसबाट वित्तीय विवरणमा पार्न सक्ने असर, जुन सारभूत रूपमा वित्तीय विवरणमा पारेको हुन सक्छ, को समष्टिगत रूपमा यकिन गर्न सकिदैन ।

लेखापरीक्षकको रायः

माथि उल्लेखित नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुपालना नभएबाट पर्न सक्ने असर बाहेक हाम्रो रायमा कम्पनीको वित्तीय विवरणहरू, यसै साथ संलग्न लेखा सम्बन्धि टिप्पणीहरूको समेत अध्ययन गर्दा ३१ आषाढ २०७४ (जुलाई १५, २०१७) आर्थिक अवस्था तथा उक्त अवधिको वित्तीय कारोवार, इक्विटीमा भएको परिवर्तन र नगद प्रवाह विवरणहरू कम्पनी ऐन, २०६३ अनुरूप रहेका छन ।

सिए. बि.के. अग्रवाल
प्रबन्ध साझेदार
निः बि.के. अग्रवाल एण्ड कं.
चार्टर्ड एकाउण्टेण्ट्स

स्थानः काठमाडौं
मितिः- नोभेम्बर २०, २०१७

वित्तीय अवस्थाको विवरण

२०७४ आषाढ ३१ गतेको

विवरण	टिप्पणी	२०७४ आषाढ ३१ गतेको (रू.)	२०७३ आषाढ ३१ गतेको (रू.)
सम्पत्ति			
गैर चालु सम्पत्तिः			
सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरू	३.१	१,९९,४२,२६,९७९	२,०९,७९,१९,२०४
अदृश्य सम्पत्ति	३.२	१,००,८४३	६५,६५६
कार्य प्रगति (Work in Progress)		१,३१,८२,३१०	-
जम्मा गैर चालु सम्पत्तिः		**२,००,७५,१०,१३२**	**२,०९,७९,८४,८६०**
चालु सम्पत्तिः			
जिन्सी मौज्दात	३.३	१,६८,८१,८१२	१,५९,५८,९३४
पाउनू पर्ने आयकर		८,६५,५४,७७१	४,५१,१६,८६१
व्यापारिक तथा अन्य प्राप्य रकम	३.४	२४,४१,४९,१८३	१८,३०,९६,३८६
नगद तथा नगद सरह	३.५	६७,२७,७९,७८१	५८,६७,३६,३२५
जम्मा चालु सम्पत्तिः		**१,०२,०३,६५,५४७**	**८३,०९,०८,५०६**
जम्मा सम्पत्तिः		**३,०२,७८,७५,६७९**	**२,९२,८८,९३,३६६**
पुँजी तथा दायित्व			
पुँजीः			
शेयर पुँजी	३.६	१,८८,६६,५४,०००	१,८८,६६,५४,०००
सञ्चित	३.७	१४,०५,५५,७८६	(१४,०२,१६,६२०)
जम्मा पुँजीः		**२,०२,७२,०९,७८६**	**१,७४,६४,३७,३८०**
दायित्वः			
गैर चालु दायित्वः			
ऋण तथा सापटीहरू	३.१०	०	०
कर्मचारी सूविधाहरू	३.८	४,६३,९८,२६८	४,१६,४६,३३६
व्यवस्थाहरू	३.९	१७,९५,८०,३४८	१५,८८,९३,५७४
परसारिएको कर दायित्व	३.११	१२,४३,२२,३५९	१४,३९,८९,०७७
जम्मा गैर चालु दायित्वः		**३५,०३,००,९७५**	**३४,४५,२८,९८७**
चालु दायित्वः			
ऋण तथा सापटीहरू	३.१०	५,४१,२७,४९०	७,८४,०२,१४२
ब्यापारिक तथा अन्य तिर्नूपर्ने	३.१२	४३,२८,७०,९९५	६६,६२,४२,०४२
आयकर दायित्व		९,२६,३८,१५५	५,२९,४१,००२
कर्मचारी सूविधाहरू	३.१३	५,३१,४१,६२६	३,१०,०३,०५४
व्यवस्थाहरू	३.१४	१,७५,८६,६५२	९३,३८,७५९
जम्मा चालु दायित्वः		**६५,०३,६४,९१८**	**८३,७९,२६,९९९**
जम्मा दायित्वः		**१,००,०६,६५,८९३**	**१,१८,२४,५५,९८६**
जम्मा पुँजी तथा दायित्व		**३,०२,७८,७५,६७९**	**२,९२,८८,९३,३६६**

प्रमुख लेखा नीति तथा टिप्पणीहरूको सांराश — **२ देखि ३.१९**

सञ्चालक समितिको निमित्त

सञ्चालक समितिको तर्फबाट

हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

सञ्चालकहरू
द. राजेश लाल श्रेष्ठ,
द. तारागाउँ विकास समिति,
द. वरूण सराफ, द. कमलादेवी श्रेष्ठ, द. दिजा श्रेष्ठ,
द. श्रीवत्स शमशेर राणा, द. इन्द्र प्रसाद राजभण्डारी

कार्यकारी सञ्चालक
द. सुरेश लाल श्रेष्ठ

प्रबन्ध सञ्चालक
द. अरूण कुमार सराफ

प्रमुख वित्त अधिकृत
रानी वंग

अध्यक्ष
द. राधेश्याम सराफ

कम्पनी सचिव

द. बि.के. अग्रवाल
प्रबन्ध साझेदार
बि.के. अग्रवाल एण्ड कम्पनि
चार्टर्ड एकाउन्टेन्टस्

नाफा तथा नोक्सानको विवरण

२०७४ आषाढ ३१ गतेको

विवरण	टिप्पणी	आ.व. २०७३/०७४ (रू.)	आ.व. २०७२/०७३ (रू.)
सञ्चालनबाट आम्दानी	३.१५	१,२६,७५,२७,६५९	१,०१,७७,५६,३९९
बिक्रीको लागत	३.१६	(३७,८४,७३,९८८)	(३०,२७,५४,१४२)
कुल नाफा		**८८,९०,५३,६७१**	**७१,५०,०२,२५७**
कारोबारसँग सम्बन्धित अन्य आम्दानी	३.१७	१६,२०,५९,२०८	५,३२,७५,७६६
ह्रास कट्टी	३.१	(१२,३५,१२,८७३)	(१२,२४,२४,३६८)
प्रशासकीय तथा साधारण खर्चहरु	३.१८	(४१,९९,०२,१८७)	(३६,४३,३८,३०७)
अन्य सञ्चालन खर्चहरु		(१०,६३,८५,३१७)	(७,३१,७६,९४५)
सञ्चालनबाट नाफा		**४०,१३,१२,५०२**	**२०,८३,३८,४०३**
ब्याज तथा वित्तीय खर्च		-	-
सटही दरमा परिवर्तन नाफा/(नोक्सान)		१,३७,४४,६७९	(२५,४२६)
स्थिर सम्पत्ति बिक्रिमा नाफा/(नोक्सान)		(१३,२१,६९३)	-
आवासको व्यवस्था		(२,०६,८६,७७४)	(१,०४,१५,६४९)
बोनसको व्यवस्था		(३,५७,३१,७०१)	(१,७९,९०,६६६)
आयकर र सि.एस.आर. अघिको नाफा		**३५,७३,१७,०१३**	**१७,९९,०६,६६२**
कर्पोरेट सामाजिक उत्तरदायित्व (सि.एस.आर.)		(३५,७३,१७०)	-
आयकर र सि.एस.आर. पछिको नाफा		**३५,३७,४३,८४३**	**१७,९९,०६,६६२**
चालु आयकर		(९,२६,३८,१५५)	(५,२९,४१,००२)
परसारिएको कर		१,९६,६६,७१८	९७,४४,५३७
आयकर पछिको नाफा सञ्चित हिसावमा सारेको		**२८,०७,७२,४०६**	**१३,६७,१०,१९७**
प्रति शेयर आम्दानी		**१४.८८**	**७.२५**

प्रमुख लेखा नीति तथा टिप्पणीहरूको सांराश **२ देखि ३.१९**

सञ्चालक समितिको निमित्त

सञ्चालक समितिको तर्फबाट

हाम्रो सोही मितिको
संलग्न प्रतिवेदन अनुसार

सञ्चालकहरू
द. राजेश लाल श्रेष्ठ,
द. तारागाउँ विकास समिति,
द. वरूण सराफ, द. कमलादेवी श्रेष्ठ, द. दिजा श्रेष्ठ,
द. श्रीवत्स शमशेर राणा, द. इन्द्र प्रसाद राजभण्डारी

कार्यकारी सञ्चालक
द. सुरेश लाल श्रेष्ठ

प्रबन्ध सञ्चालक
द. अरूण कुमार सराफ

अध्यक्ष
द. राधेश्याम सराफ

द. बि.के. अग्रवाल
प्रबन्ध साझेदार
बि.के. अग्रवाल एण्ड कम्पनि
चार्टर्ड एकाउन्टेन्टस्

प्रमुख वित्त अधिकृत
रानी वंग

कम्पनी सचिव

नगद प्रवाह विवरण

२०७४ आषाढ ३१ गतेको

	विवरण	आ.व. २०७३/०७४ (रू.)	आ.व. २०७२/०७३ (रू.)
क	**सञ्चालन गतिविधिवाट नगद प्रवाह**		
	आयकर पछिको खूद नाफा	२८,०७,७२,४०६	१३,६७,१०,१९७
	समायोजन:		
	ह्रास कट्टी	१२,३५,१२,८७३	१२,२४,२४,३६८
	ब्याज खर्च	-	-
	आवासको व्यवस्था	२,०६,८६,७७४	१,०४,१५,६४९
	बोनसको व्यवस्था	३,५७,३१,७०१	१,७९,९०,६६६
	विदेशी मूद्रा सम्पत्ति तथा दायित्वको पूर्नमुल्याङ्कन नाफा/(नोक्सानी)	(१,३७,४४,६७९)	२५,४२६
	स्थिर सम्पत्ति विक्रिमा नाफा/(नोक्सान)	१३,२१,६९३	-
	कर समायोजन	७,२९,७१,४३७	४,३१,९६,४६५
	कार्यशील पुंजी परिवर्तन अघिको सञ्चालन नगद प्रवाह	**५२,१२,५२,२०५**	**३३,०७,६२,७७१**
	जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि)	(९,२२,८७८)	(११,६८,७०७)
	व्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि)	(६,१०,५२,७९७)	(५,३०,०४,८९०)
	अग्रिम भूक्तानी, पेश्की र धरौटीमा भएको कमी/(वृद्धि)	(४,१४,३७,९१०)	२,११,४५,४१०
	तिर्न बाँकि रकममा भएको वृद्धि/(कमी)	(२०,२२,२९,००६)	११,९८,५६,३८८
	सञ्चालनबाट सृजित नगद:	**२१,५६,०९,६१४**	**४१,७५,९०,९७२**
	बोनस भूक्तानी	(१,७९,९०,६६६)	(२,०६,७१,५०१)
	आयकर भूक्तानी	(५,२९,४१,००२)	(६,८५,९४,३११)
	सञ्चालन गतिविधिबाट खूद नगद प्रवाह	**१४,४६,७७,९४६**	**३२,८३,२५,१६०**
ख	**लगानी गतिविधिवाट नगद प्रवाह**		
	स्थिर सम्पत्तिमा थप	(३,५४,६६,६९१)	(२,७३,७७,८५२)
	स्थिर सम्पत्ति बिक्री/निसर्ग	११,०६,८५३	-
	लगानी गतिविधिबाट खूद नगद प्रवाह	**(३,४३,५९,८३८)**	**(२,७३,७७,८५२)**
ग	**वित्तिय गतिविधिबाट नगद प्रवाह**		
	असूरक्षित ऋणमा (कमी)/वृद्धि	(२,४२,७४,६५२)	(८७,९८,९८६)
	वित्तिय गतिविधिबाट खूद नगद प्रवाह	**(२,४२,७४,६५२)**	**(८७,९८,९८६)**
	खूद नगद र सो सरहमा वृद्धि/(कमी)	**८,६०,४३,४५६**	**२९,२१,४८,३२२**
	बर्षारम्भमा नगद र नगद सरह	५८,६७,३६,३२५	२९,४५,८८,००३
	बर्षान्तमा नगद र नगद सरह	**६७,२७,७९,७८१**	**५८,६७,३६,३२५**
	नगद	१७,८२,९९९	१९,०५,८४०
	मूद्धती बचत	६०,००,००,०००	२८,००,००,०००
	बैंक	७,०९,९६,७८२	३०,४८,३०,४८५
		६७,२७,७९,७८१	**५८,६७,३६,३२५**

आर्थिक वर्ष २०७३/०७४ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचिहरू

ईक्वीटिमा भएको परिवर्तनको विवरण :

विवरण	शेयर पुंजी	शेयर प्रिमियम	पूर्नमुल्याङकन जगेडा	सञ्चित नाफा/ (नोक्सान)	साधारण जगेडा	जम्मा रु.
वर्षारम्भको मौज्दात	१,८८,६६,५४,०००			(१४,०२,१६,६२०)		१,७४,६४,३७,३८०
तिर्न बांकी समायोजन						
जम्मा	**१,८८,६६,५४,०००**	-	-	**(१४,०२,१६,६२०)**	-	**१,७४,६४,३७,३८०**
यस वर्षको नाफा				२८,०७,७२,४०६		२८,०७,७२,४०६
साधारण जगेडामा सारेको						
शेयरधनीहरुलाई लाभांश						
नयाँ शेयर जारी						
वर्षान्तको मौज्दात	**१,८८,६६,५४,०००**	-	-	**१४,०५,५५,७८६**	-	**२,०२,७२,०९,७८६**

आर्थिक वर्ष २०७३/०७४ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनूसुचीहरू

३. अन्य व्याख्यात्मक टिप्पणीहरू

३.१ सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरू

लागत	जग्गा तथा भवन (रू.)	यन्त्र तथा मेशिनरी (रू.)	फर्निचर तथा कार्यालय सामग्री (रू.)	कम्प्युटर (रू.)	सवारी (रू.)	अन्य सम्पत्ति (रू.)	जम्मा (रू.)
२०७३ श्रावण १ गतेको मौज्दात	२,१८,९३,८१,३७६	१,०९,०४,८३,४७५	१४,३५,१५,०८१	५४,०६,७५०	३,३४,१२,३१४	१४,६२,१५,३४८	३६०,८४,१४,३४४
थप	१३,००,०००	१,१५,८४,९८२	६९,६६,६९१	१८,२६,१०७		५,०१,६००	२२,१७,९३८०
विक्रि/समायोजन			-	(२२,४८,५८९)	(३१,३२,२२३)	-	(५३,८०,८१२)
२०७४ आषाढ ३१ गतेको मौज्दात	२,१९,०६,८१,३७६	१,१०,२०,६८,४५७	१५,०४,८१,७७२	४९,८४,२६८	३,०२,८०,०९१	१४,६७,१६,९४८	३,६२,५२,१२,९१२
ह्रास तथा अवमूल्यन नोक्सानी:							
२०७३ श्रावण १ गतेको मौज्दात	४४,४७,४८,४४१	८२,८३,७७,२५६	१०,२५,७५,५४५	३७,३९,४९४	१,४३,०८,७०२	१,१६,७४,५७,०२	१,५१,०४,९५,१४०
यस वर्षको ह्रास कट्टी	३,४६,९३,२८०	६,४५,१०,२३९	१,१२,०६,२२१	५,७५,९५०	२९,०३,४९५	९५,५३,८७५	१,२३,४४,३०,६०
निसर्ग	-	-	-	(२२,४८,५८९)	(७,०३,६७८)	-	(२९,५२,२६७)
२०७४ आषाढ ३१ गतेको मौज्दात	४७,९४,४१,७२१	८९,२८,८७,४९५	११,३७,८१,७६६	२०,६६,८५५	१,६५,०८,५१९	१,२६,२९,९५,७७	१,६३,०९,८५,९३३
बांकी रकम							
२०७३ श्रावण १	१,७४,४६,३२,९३५	२६,२१,०६,२१९	४,०९,३९,५३६	१६,६७,२५६	१,९१,०३,६१२	२,९४,६९,६४६	२,०९,७९,१९,२०४
२०७४ आषाढ ३१	१,७१,१२,३९,६५५	२०,९१,८०,९६२	३,६७,००,००६	२९,१७,४१३	१,३७,७१,५७२	२,०४,१७,३७१	१,९९,४२,२६,९७९

३.२ अदृश्य सम्पत्ति

लागत	सफ्टवेयर (रू.)
२०७३ श्रावण १ गतेको मौज्दात	२,७१,७७०
थप बाहिरबाट प्राप्त	१,०५,०००
निसर्ग/समायोजन	(२७,९००)
अन्य प्राप्ती र आन्तरिक विकास	-
२०७४ आषाढ ३१ गतेको मौज्दात	**३,४८,८७०**
गत वर्षसम्मको अपलेखन:	
२०७३ श्रावण १ गतेको मौज्दात	२,०६,११४
यस वर्षको अपलेखन	६९,८१३
निसर्ग/समायोजन	(२७,९००)
२०७४ आषाढ ३१ गतेको मौज्दात	**२,४८,०२७**
बांकी रकम	
२०७३ श्रावण १	**६५,६५६**
२०७४ आषाढ ३१	**१,००,८४३**

कार्य प्रगति (Work in Progress)	
इडिसि कार्य प्रगति	१९,००,५८८
ढोकाको साँचो कार्य प्रगति	५५,७८,८५७
सुप्रिम वासर एक्ट्राक्टर १०५ किलो	५७,०२,८६५
जम्मा	**१,३१,८२,३१०**

३.३ जिन्सी मौज्दात

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
खाद्य तथा पेय पदार्थ	१,०३,४६,१४२	९१,०८,६९२
सञ्चालन सामग्री	२५,८४,४९५	२९,३३,४४३
ईन्जिनियरिङ्ग सामग्री	३९,५१,१७५	३९,१६,७९९
जम्मा	**१,६८,८१,८१२**	**१,५९,५८,९३४**

आर्थिक वर्ष २०७३/०७४ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचिहरू

३.४ ब्यापारिक तथा अन्य प्राप्य रकम

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
ब्यापारिक प्राप्य रकमहरु	२३,९०,६०,१५८	२२,६१,६५,६२१
न्युन: संकास्पद	(८,५६,८३,४८३)	(८,८६,२५,३३९)
खुद ब्यापारिक प्राप्य रकमहरु	१५,३३,७६,६७५	१३,७५,४०,२८२
सूरक्षित धरौटी	५,०७,६०९	४,९०,३१८
सूरक्षित धरौटी आयकर मूद्धा	७,२१,६०,०००	३,२९,६०,०००
मु.अ.कर पाउनूपर्ने	२८,०७७	१,९०,६२२
आपुर्तिकर्ता तथा अन्यलाई पेश्की	१,०४,०३,०२४	१९,११,३४९
अग्रिम भूक्तानी	७६,७३,७९८	१०,००,३८,१५
जम्मा	२४,४१,४९,१८३	१८,३०,९६,३८६

३.५ नगद तथा बैंक मौज्दात

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
नगद मौज्दात	१७,८२,९९९	१९,०५,८४०
मूद्धती खातामा मौज्दात	६०,००,००,०००	२८,००,००,०००
बैंक मौज्दात	७,०९,९६,७८२	३०,४८,३०,४८५
जम्मा	६७,२७,७९,७८१	५८,६७,३६,३२५

३.६ शेयर पूँजी

विवरण	आ.व. २०७३/०७४		आ.व. २०७२/०७३	
	संख्या	रकम	संख्या	रकम
अधिकृत शेयर पुंजी	५,००,००,०००	५,००,००,००,०००	५,००,००,०००	५,००,००,००,०००
जारी शेयर पुंजी				
साधारण शेयर	२,५०,००,०००	२,५०,००,००,०००	२,५०,००,०००	२,५०,००,००,०००
चूक्ता शेयर पुंजी		१,८८,६६,५४,०००		१,८८,६६,५४,०००
साधारण शेयर	१,०८,८५,४००		१,०८,८५,४००	
साधारण शेयर (ऋणबाट परिवर्तित)	५,८५,९३,९०		५८,५९,३९०	
साधारण शेयर (अग्राधिकार शेयरबाट परिवर्तित)	२१,२१,७५०		२१,२१,७५०	
न्युन: चूक्ता हून बाँकि				
जम्मा	१,८८,६६,५४०	१,८८,६६,५४,०००	१,८८,६६,५४०	१८,८६,६५,४०००

आर्थिक वर्ष २०७३/०७४ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनूसुचीहरू

३.७ सञ्चित

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
गत वर्षसम्मको नोक्सानी	(१४,०२,१६,६२०)	(२७,६९,२६,८१७)
गत वर्षको समायोजन	-	-
यस वर्षको नाफा	२८,०७,७२,४०६	१३,६७,१०,१९६.९
जम्मा	१४,०५,५५,७८६	(१४,०२,१६,६२०)

३.८ दिर्घकालिन कर्मचारी सूविधाहरू

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
उपदान व्यवस्था	३,४०,४०,०२४	३,१२,४५,३४५
सञ्चित विदा	१,२३,५८,२४४	१,०४,००,९९१
जम्मा	४,६३,९८,२६८	४,१६,४६,३३६

३.९ दिर्घकालिन व्यवस्थाहरू

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
बासस्थान व्यवस्था	१७,९५,८०,३४८	१५,८८,९३,५७४
जम्मा	१,७९,५८०,३४८	१५,८८,९३,५७४

३.१० ऋण तथा सापटीहरू

ऋण तथा सापटीहरुको विवरण निम्नानूसार रहेको छ:

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
गैर चालु		
बैंक ऋण	–	–
सूरक्षित	–	–
असूरक्षित	–	–
चालु		
अधिविकर्ष	–	–
बैंक ऋण	–	–
सूरक्षित	–	–
असूरक्षित	५,४१,२७,४९०	७,८४,०२,१४२
	५,४१,२७,४९०	७,८४,०२,१४२
जम्मा ऋण तथा सापटीहरु	५,४१,२७,४९०	७,८४,०२,१४२

आर्थिक वर्ष २०७३/०७४ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचिहरू

३.११ पर सारिएको कर सम्पत्ति र दायित्व

विवरण	रकम रु.
२०७३ आषाढको रकम	१४,३९,८९,०७७
नाफा नोक्सान हिसाबमा समायोजन गरिएको	(१,९६,६६,७१८)
२०७४ आषाढको रकम	१२,४३,२२,३५९

३.१२ ब्यापारिक तथा अन्य तिर्नुपर्ने

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
रिटेन्सन मनी (Retention Money)	३७,१९,५२२	२७,८५,०३४
विविध साहुहरु तथा अन्य दिनूपर्ने	३५,९०,३८,६२०	५७,८३,५७,३१५
तिर्नूपर्ने श्रोतमा कर कट्टी	५१,९२,५५६	३४,०७,९६८
तिर्नूपर्ने मु.अ.कर	१,५३,५८,९२२	४४,२६,१२५
स्थगन आम्दानी (अपरेसन)	८४,२१,७४५	–
ग्राहकहरुबाट प्राप्त अग्रिम भूक्तानी	२,१३,८६,४०१	५,११,४७,१२५
६% असूरक्षित ऋणमा तिर्नूपर्ने व्याज	१,९७,५३,२२९	२,६१,१८,४७५
जम्मा	४३,२८,७०,९९५	६६,६२,४२,०४२

३.१३ अल्पकालिन कर्मचारी सुविधाहरू

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
तिर्नूपर्ने तलब, ज्याला तथा कर्मचारी खर्च	१,७४,०९,९२५	१,३०,१२,३८८
बोनस व्यवस्था	३,५७,३१,७०१	१,७९,९०,६६६
जम्मा	५,३१,४१,६२६	३,१०,०३,०५४

३.१४ अल्पकालिन व्यवस्थाहरू

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
कर तथा शूल्कको व्यवस्था	९,१०,८३२	–
तिर्नूपर्ने कार्यालय खर्चहरु	४,२७,३४४	३,५६,७७७
अन्य व्यवस्थाहरु कर्पोरेट	४,४३,२५०	५४,१७५०
हायात तिर्नूपर्ने अपरेशन	३८,६९,१९०	४०,७७,४३१
अन्य व्यवस्थाहरु अपरेशन	८३,६२,८६६	४३,६२,८०१
कर्पोरेट सामाजिक उत्तरदायित्व व्यवस्था	३५,७३,१७०	–
जम्मा	१,७५,८६,६५२	९३,३८,७५९

आर्थिक वर्ष २०७३/०७४ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनूसुचीहरू

३.१५ सञ्चालनबाट आम्दानी

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
कोठा	७२,९४,२६,१५२	५७,२६,८४,२६५
खाद्य तथा पेय पदार्थ	४८,६१,५४,६०१	३८,९०,३९,२१४
टेलिफोन	२४,७३,५२५	३३,१८,१४९
अन्य सञ्चालन विभागहरु	४,९४,७३,३८१.०१	५,२७,१४,७७१
जम्मा	१,२६,७५,२७,६५९	१०,१७,७५,६३,९९

३.१६ बिक्रीको लागत

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
कोठा	११,११,८६,९६४	९,१३,४९,०५०
खाद्य तथा पेय पदार्थ	२५,१७,००,७६१	१९,२०,२२,७७४
टेलिफोन	२८,१५,८६७	३३,७२,७५३
अन्य सञ्चालन विभागहरु	१,२७,७०,३९६	१,६०,०९,५६५
जम्मा	३७,८४,७३,९८८	३०,२७,५४,१४२

३.१७ कारोबारसँग सम्बन्धित अन्य आम्दानी

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
भाडा आम्दानी	४,६२,९४,१०२	३,३७,७७,१४१
अन्य आम्दानी	११,५७,६५,१०६	१,९४,९८,६२५
जम्मा	१६,२०,५९,२०८	५,३२,७५,७६६

आर्थिक वर्ष २०७३/०७४ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचिहरू

३.१८ प्रशासकीय तथा साधारण खर्चहरू

विवरण	आ.व. २०७३/०७४ (रु.)	आ.व. २०७२/०७३ (रु.)
तलब तथा ज्याला/भत्ता	९,२३,९९,८६८	८,३०,६५,२४६
सञ्चय कोष	६१,९७,०९५	५७,९७,९१३
उपदान कोष	७८,१९,०३५	३५,८३,९५९
अन्य सूविधा	१,८७,५४,३९७	१,७२,०८,५५१
सेवा तथा सम्भार (Up Keep) खर्च	३१,४२,६२१	२०,०२,६८३
कमिशन	२,२७,८९,३२५	१,९३,२८,७६१
संगीत तथा मनोरन्जन	२३,१६,६१७	१२,४२,७७५
छपाई तथा मसलन्द	१२,०५,२१०	१२,८१,१०५
सजावट	२७,७२,७७३	१,८८,०५,१३
परिवहन खर्च	१७,१६,४५१	१५,१७,७८९
सञ्चार खर्च	१६,६३,८३४	१५,९७,६४३
बैंक/केडिट कार्ड शूल्क	१,९९,३२,६४२	१,४५,८९,७९८
सफ्टवेयर मर्मत खर्च	१,८७,७८,३७५	१,४४,०९,०९५
विज्ञापन तथा बिक्री प्रबर्धन	१,०३,०४,७३८	६३,५८,६९०
मर्मत तथा सम्भार	६,९३,१८,५१८	६,३४,३९,०८६
विद्यूत तथा इन्धन	८,९२,७७,५७०	८,३४,३२,६२७
पानी तथा ढल निकास	४८,००,६७७	३८,१३,७२०
व्यापारिक प्रदर्शनी तथा संगठन खर्च	१०,८९,९०१	१७,५३,०५६
भ्रमण	१८,६६,५८७	७,५७,००८
बीमा	५४,१६,८४७	५९,५३,१६७
औषधोपचार	२,४१,६४३	२,०७,८४७
वार्षिक साधारण सभा	१३,८९,८४२	१५,१७,८९८
सरकारी शूल्क तथा नविकरण	७२,९४,५६४	१२,२९,८०२
अन्य	५०,७६,८८२	२,८५,३०,८७
तालिम	२६,६२,६५४	२६,६३,२५१
कानूनी तथा परामर्श	४२,०६,५५९	७२,१५,०२४
सञ्चालक समितिको बैठक भत्ता	२,१७,६४७	१,८२,३५३
पट्टा बहाल	३४,०४,०००	३२,५६,०००
लेखापरीक्षण शूल्क	२,००,०००	१,००,०००
सूरक्षा खर्च	१,३६,४५,३१५	१,०७,४६,८७७
शंकास्पद आसामी व्यवस्था	-	१३,५२,९८३
जम्मा	४१,९९,०२,१८७	३६,४३,३८,३०७

प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू

२०७४ साल आषाढ ३१ गते (जुलाई १५, २०१७)

१. **संस्थागत पृष्ठभुमिः**

तारागाउँ रिजेन्सी होटल्स लि.(कम्पनी) नेपालको कम्पनी ऐन अन्तर्गत स्थापना भई नेपाल स्टक एक्सचेञ्जमा सूचिकृत भएको पब्लिक कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय तथा कारोबार गर्ने मुख्य स्थान काठमाण्डौ महानगरपालिका वडा नं.६, बौद्ध, काठमाण्डौमा रहेको छ ।

यस कम्पनीले **Hyatt International SEA (Pte) Ltd.** सँग सम्झौता गरी उसको प्राविधिक सहयोगमा होटल व्यवसाय सञ्चालन गर्दै आईरहेको छ ।

२. **प्रमुख लेखा नीतिहरूः**

२.१ **तयारीको आधारः**

२.१.१ **अनुपालनको विवरणः**

यस कम्पनीको वित्तिय विवरणहरू नेपाल लेखामान **(Nepal Accounting Standards)** अनुरूप तयार पारिएको छ । वित्तिय विवरण जारी गर्न सञ्चालक समितिले मिति २०७४।०८।०४ मा स्विकृति प्रदान गर्‍यो ।

२.१.२ **मापनको आधार :**

कम्पनीको वित्तिय विवरण ऐतिहासिक लागत अवधारणा **(Historical Cost Convention)** अनुरूप प्रोदभावी आधार (**Accrual Basis**) मा तयार तथा प्रस्तुती गरिएको छ ।

२.१.३ **संवेदनशिल लेखाङ्कन अनुमानः**

कम्पनीको वित्तिय विवरण विद्यमान नेपाल लेखामान अनुसार तैयार पारिएको छ जसको लागि निश्चित सूक्ष्म लेखा अनुमान तथा निर्णयहरूको प्रयोग गरिएको छ । यसको साथै व्यवस्थापनले पनि लेखा नीतीहरू कार्यान्वयन गर्न विभिन्न अभ्यास तथा निर्णयहरू गर्नु पर्ने हुन्छ । कम्पनीले भविष्यमा हुने घटनाहरूको सम्बन्धमा केही अनुमान तथा आंकलन गरेको हुन्छ । अनुमान तथा निर्णयहरूको निरन्तर रूपमा ऐतिहासिक अनुमान तथा अन्य तथ्यको आधारमा मूल्यांकन गरिन्छ । ति अनुमान तथा आंकलनहरू भविष्यमा घट्न सक्ने उचित विश्वासका आधारमा गरिएको हुन्छ र भविष्यमा तिई अनुमान तथा घटनाहरूको वास्तविक नतिजाबाट फरक पनि हुन सक्छ । अनुमान तथा आंकलन जसले अगामी आ.व. सम्म सम्पत्ति तथा दायित्वको मूल्यमा प्रभावकारी समायोजन गर्नुपर्ने जोखिमको कारण रहन्छ, त्यस्तो अनुमान तथा आँकलनलाई खुलाइएको छ ।

२.१.४ **कार्यात्मक तथा प्रचलनको मुद्राः**

कम्पनीले वित्तिय विवरणहरू नेपाली रूपैयाँमा तैयार पारिएको छ जुन कम्पनीको कार्यात्मक तथा प्रचलनको मुद्रा हो ।

२.२ **लेखाङ्कन नितिहरूः**

वित्तिय विवरण तयार गर्दा अपनाइएको प्रमुख लेखा नीतिहरू तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख

गरेकोमा बाहेक कम्पनीले लेखा नीति एकरूपताका साथ निरन्तर रूपमा लागु गर्दै आईरहेको छ । वित्तिय विवरण तयार गर्दा कतिपय अवस्थाहरूमा केही अनुमान र आँकलनको प्रयोग गर्ने गरिन्छ । वित्तिय विवरणहरू तयार गर्दा प्रयोग गरिएका महत्वपूर्ण निर्णय र आँकलनहरू तथा त्यसले पार्ने प्रभावहरूलाई खुलाउनु पर्छ ।

२.२.१ व्यवसायको निरन्तरता (Going Concern):

कम्पनीको वित्तिय विवरणहरू व्यवसायको निरन्तरता रहने अवधारणा अनुरूप तयार गरिएको छ ।

२.२.२ विदेशी मूद्राको कारोबार:

शुरुको मुल्याङ्कनः

व्यवसायको सिलसिलामा भएको विदेशी मुद्राको कारोबारलाई कारोवार भएको मितिको विनिमय दरले स्थानीय मुद्रामा रूपान्तर गरिएको छ ।

रूपान्तरः

विदेशी मुद्रामा रहेको मौद्रिक सम्पत्ति तथा दायित्वलाई वर्षान्तको विनिमय दरको आधारमा स्थानिय मुद्रामा रूपान्तर गरिएको छ ।

विनिमय फरकः

हिसाव मिलान हुन बाँकी मौद्रिक सम्पत्ति र दायित्वको पुनःरूपान्तरण गर्दा हुने विनिमय फरकलाई तुरुन्त नाफा/नोक्सान हिसावमा जनाउने गरिएको छ ।

विदेशी मुद्रामा आम्दानीः

सेवा बापतको बिजक जारी गर्दा नेपाली मुद्रामा गर्ने गरिएको छ । सो बापतको रकम विदेशी मुद्रामा प्राप्त भएमा प्राप्त हँदाको दिनको विनिमय दरले नेपाली मुद्रामा रूपान्तरित गर्ने गरिएको छ । विनिमय दरमा भएको परिवर्तनले आएको सटहि फरक (नाफा वा नोक्सान) लाई बैंकबाट भुक्तानी पाए अनुसार गर्ने गरिएको छ ।

२.२.३ स्थिर सम्पत्ति, मेशिन तथा उपकरणः

स्थिर सम्पत्तिहरूको हकमा, सो सम्पत्तिको खरिद लागत, निर्माण लागत वा पुर्नमूल्याङकित रकममा, सम्पत्तिको कुनै अवमूल्यन, यदि कुनै भए वा सञ्चित ह्रास/अपलेखन कट्टी गरी देखाइएको छ । लागतमा सम्पत्ति प्रयोगमा ल्याउदाको दिनसम्मको सम्पत्तिको खरिद वा निर्माण मूल्यमा प्रयोगमा ल्याउन लाग्ने सम्पूर्ण खर्चहरू तथा सम्पत्तिको खरिद वा निर्माण गर्नको लागि लिएको ऋणको ब्याज समेत समावेश गरि देखाइएको छ । यदि सम्पत्तिको अवमूल्यन (Impairment of assets) गर्नु पर्ने अवस्थामा कम्पनीले वर्षको अन्त्यमा सम्पत्तिको अवमूल्यनको पहिचान गर्दछ र सो को लेखाङ्कन गर्दछ ।

स्थिर सम्पत्ति जडान तथा प्रयोग गरि सके पछि भएको खर्च यदी उक्त खर्चबाट कम्पनीलाई भविष्यमा आर्थिक लाभ हुन्छ र उक्त खर्चको प्रष्ट रूपमा मूल्याँकन गर्न सकिन्छ भने मात्र स्थिर सम्पत्तिमा पूँजीकृत गरिन्छ ।

सम्पत्तिको निसर्ग वा सम्पत्ति प्रयोग गरे पश्चात भविष्यमा आर्थिक लाभ नपाउने भएमा त्यस्ता सम्पत्ति, मेशिन तथा उपकरणलाई स्थिर सम्पत्तिबाट हटाईन्छ । त्यसरी सम्पत्तिको निसर्ग वा विस्थापन पछि नाफा वा नोक्सानको निर्धारण भने त्यस्तो सम्पत्तिको निसर्ग मूल्य र किताबी मूल्यको विचको फरकबाट गरिन्छ र त्यस्तो नाफा नोक्सानलाई नाफा तथा नोक्सान हिसावमा लेखांकन गरिन्छ ।

२.२.४ ह्रासकट्टीः

फ्रिहोल्ड जग्गामा ह्रास कट्टी गरिएको छैन । निर्माणाधिन अवस्थामा रहेको सम्पत्तिहरू पूर्ण रूपले निर्माण र प्रयोग नभए सम्म ह्रास कट्टी गरिएको छैन । अरू सम्पत्तिहरूमा खरीद भएको वर्षमा समानुपातिक आधारमा ह्रास कट्टी गरिएको छ । स्थिर सम्पत्तिको ह्रास कट्टी सो सम्पत्तिको अपेक्षित उपयोगिता वर्षलाई आधार मानि सम्पत्तिको मूल्य रहेसम्म ह्रास कट्टी गर्ने गरिएको छ ।

स्थिर सम्पत्तिको ह्रास कट्टी समदर प्रणाली (Straight Line Method) अनुसार गरिएको छ । ह्रास कट्टीको दर अपेक्षित उपयोगिता वर्ष निम्न अनुसार रहेको छः

सम्पत्तिको विवरण	ह्रास कट्टीको दर
भवन	२.०८%
यन्त्र तथा उपकरण	१०.००%
फर्निचर तथा कार्यालय सामान	११.११%
कम्प्युटर	२०.००%
सवारी साधन	१०.००%
अन्य सम्पत्ति	११.११%
सफ्टवेयर	३३.३३%

पूर्नमूल्यांकनको समयमा पूर्नमूल्यांकित सम्पत्तिको ह्रास कट्टीलाई कूल किताबी ह्रास कट्टी रकमबाट हटाई सम्पत्तिको बाँकी मूल्यलाई प्रस्तुत गरिएको छ । ऐतिहासिक लागत अवधारणाको आधारमा निर्धारण भएको मोलमा कट्टी गरिएको ह्रास भन्दा पूर्नमूल्यांकित भवनमा कट्टी गरिएको बढी ह्रास रकमलाई पूर्नमूल्यांकन गर्दा कोषबाट घटाई देखाउने गर्दछ । पूर्नमूल्यांकन गर्दा भएको नाफालाई पूर्नमूल्यांकन कोषमा प्रस्तुत गरिएको छ । पूर्नमूल्यांकित सम्पत्ति निसर्ग पश्चात बांकी रहेको मोललाई संचित नाफा/नोक्सान हिसाबमा सारिने गरिएको छ ।

२.२.५ पूंजीगत निर्माणाधीन सम्पत्तिः

पूंजीगत निर्माणाधीन सम्पत्ति अन्तर्गत सम्पत्ति निर्माणमा लागेको प्रत्यक्ष खर्चहरूलाई समेत समावेश गरी देखाइएको छ । यसमा ब्याज लगायत सम्पूर्ण निर्माण प्रक्रियामा लाग्ने प्रत्यक्ष खर्चहरूलाई पूंजीगत खर्चको रूपमा निर्माण लागतमा पूंजीकृत गरिएको छ ।

२.२.६ पट्टा अन्तर्गतको सम्पत्तिः

सम्पत्तिको सम्पूर्ण जोखिम तथा प्रतिफल हस्तान्तरण हुने गरी प्राप्त भएको सम्पत्तिलाई वित्तिय पट्टा (Finance Lease) भनिन्छ । जसमा सम्पत्तिलाई कम्पनीको आफ्नै सम्पत्तिको रूपमा तथा कम्पनीले पट्टामा तिर्न बाचा गरेको रकमलाई दायित्वको रूपमा प्रस्तुत गरिन्छ । वित्त पट्टालाई वासलातमा वित्त पट्टाको शुरुमा निर्धारण गरिएको उचित मूल्य (Fair Value) को यदि कम भएमा न्यूनतम पट्टा भुक्तानीको वर्तमान मूल्यमा सम्पत्ति र दायित्वको रूपमा देखाउने गर्दछ । पट्टा भुक्तानीलाई साँवा र ब्याजको रूपमा प्रस्तुत गरिन्छ । ब्याज रकमलाई नाफा नोक्सान अन्तर्गत देखाइन्छ भने साँवा रकमलाई पट्टाको वास्तविक दायित्वबाट घटाइ प्रस्तुत गरिन्छ । जुन पट्टामा सम्पत्तिसँग सम्बन्धित जोखिम तथा प्रतिफल हस्तान्तरण हुदैन त्यस पट्टालाई सञ्चालन पट्टा (Operating Lease) भनिन्छ । यसमा तिर्नु पर्ने कुल भाडा वापतको

रकमलाई पट्टाको अवधि भरमा नाफा नोक्सानमा खर्च देखाइन्छ । पट्टा अन्तर्गतको कुनै आम्दानीलाई भाडा खर्चबाट घटाई प्रस्तुत गरिएको छ ।

२.२.७ अदृश्य सम्पत्तिः

कम्प्युटर सफ्टवेयरः

कम्प्यूटर सफ्टवेयर लाइसेन्स खरिदलाई प्रयोगमा ल्याउदासम्म लाग्ने खर्चहरूलाई समावेश गरि पूजीकृत गरिएको छ । अपेक्षित उपयोगिता वर्षको आधारमा सो सम्पत्तिको लागतलाई अपलेखन गरी देखाईएको छ ।

२.२.८ व्यापारिक तथा अन्य प्राप्य (आसामी):

कम्पनीले असुल गर्नु पर्ने व्यापारिक तथा अन्य रकमहरू मध्ये प्राप्त हुन नसक्ने भनी छुट्याइएको रकम (Impairment) लाई घटाई देखाइएको छ । साथै नउठ्ने आसामीको लागि गरेको व्यवस्थालाई आम्दानी विवरणमा खर्च जनाइएको छ ।

२.२.९ जिन्सी मौज्दातः

शुरुमा प्राप्त हुदा जिन्सी मौज्दातको मूल्याङ्कन लागत मूल्यमा तत्पश्चात लागत मूल्य र खुद प्राप्त हुने मुल्य मध्ये जुन कम हुन्छ सो मूल्यमा मूल्याङ्कन गरी देखाइएको छ । खूद प्राप्ती मूल्य भन्नाले अनुमानित बजार मुल्यमा परिवर्तित विक्रि खर्चहरू कट्टी गरी देखाइएको छ ।

जिन्सी मौज्दातलाई पहिले प्राप्ती पहिले निश्कासन FIFO (First in First Out) विधि वा भारित औसत विधि (Weighted Average Method) मा मौज्दात प्राप्त गर्दा र हालको स्थान र अवस्थामा राख्नको लागि भएका खर्चहरू समेत समावेश गरि मुल्याङ्कन गरिएको छ । उत्पादित मौज्दात र कार्य प्रकृयामा रहेको मौज्दातको सन्दर्भमा सामान्य क्षमतामा सञ्चालन शिरोभार लागतको उचित बांडफांड गरि खर्च समावेश गरिएको छ ।

२.२.१० नगद र नगद सरहः

नगद र नगद सरह अन्तर्गत वासलातको मितिको नगद, बैंक मौज्दात र अन्य अल्पकालिन उच्च तरल लगानी समावेश छन् । बैंक ओभरड्राफ्ट माग गरेको खण्डमा भूक्तानी गर्नुपर्ने र कम्पनीको नगद व्यवस्थापनको अभिन्न अंग भएको हुनाले यसलाई वासलातमा चालू दायित्व भित्र छोटो अवधिको ऋणमा देखाइएको छ ।

२.२.११ सम्पत्तिको अवमूल्यनः

प्रत्येक वासलात मितिमा सम्पत्तिको अवमूल्यनको संकेत छ वा छैन भनि निर्धारण गर्न कम्पनीको सम्पत्ति (लगानी सम्पत्ति, Biological सम्पत्ति र जिन्सी मौज्दात र पर सारिएको कर बाहेक) को रकमको समिक्षा गरिन्छ । यदि त्यस्तो संकेत रहेछ भने सम्पत्तिको उसुल हुन सक्ने रकमको अनुमान गरिन्छ । प्रत्येक वासलात मितिमा प्रयोगमा नआएको अमूर्त सम्पत्तिको उसुल हुन सक्ने रकम (Recoverable Amount) को अनुमान गरिन्छ । उक्त उसुल हुन सक्ने रकम (Recoverable Amount) भन्दा सम्पत्तिको किताबी मूल्य वा नगद प्राप्ती इकाई बढी भएमा अवमूल्यन नोक्सानी आय विवरणमा लेखाङकन गरिन्छ । प्राप्य रकम (Recoverable Amount) भन्नाले सम्पत्तिको खुद विक्रि मुल्य र प्रयोग को मुल्य (Value in use) मध्ये जुन बढी हुन्छ सो लाई जनाउछ ।

२.२.१२ शेयर पूँजीः

कम्पनी द्वारा जारि भएको वित्तिय उपकरण, वित्तिय दायित्व तथा वित्तिय सम्पत्तिको परिभाषा भित्र नपर्नुको हदसम्म मात्र पूजीको रूपमा वर्गिकरण गरिएको छ । कम्पनीको शेयर पूजीमा वित्तिय उपकरणहरू पर्दछ । अग्राधिकार शेयर पूजीमा फिर्ता नहुने र कुनै लाभांश सञ्चालकको स्वविवेकीयमा पाउने अवस्थामा मात्र

पूजीको रूपमा राखिन्छ । अग्राधिकार शेयर पूंजी निश्चित समय पश्चात भुक्तानी हुने हुनाले शेयरधनीको लाभांशलाई नाफा नोक्सान हिसावमा ब्याज खर्च लेखिएको छ ।

२.२.१३ ऋणको लागतः

ब्याज सहितको ऋणलाई प्रारम्भिक रूपमा लागतमा प्रस्तुत गरिएको छ । तत्पश्चात ब्याज सहितको ऋणलाई घटेको मुल्यमा देखाईन्छ । लागत र Redemption मुल्यमा कुनै फरक भएमा सोलाई Effective ब्याज तरिका अपनाई नाफा नोक्सान अन्तर्गत ऋण अवधि भरि खर्च लेखाङ्कन गरिन्छ ।

२.२.१४ अवकाश सुविधाः

कम्पनीले कर्मचारी सञ्चय कोष वापतको योगदान गरेको रकमलाई सम्बन्धित वर्षको नाफा नोक्सान हिसावमा खर्च लेखिएको छ । तोकिएको अवधि सम्म सेवारत कर्मचारीहरूलाई सम्बन्धित वर्षको आधारभुत पारिश्रमिकको आधारमा उपदान कोषको ब्यवस्था गरिएको छ र सो रकमलाई नाफा नोक्सान हिसावमा खर्चमा देखाइएको छ ।

अन्य दिर्घकालिन सेवासुविधाः

कर्मचारीहरूलाई निश्चित महिनाको पारिश्रमिक सहितको विदाको व्यवस्था वा निश्चित समयको सेवा पश्चात नगदमा रूपान्तरित गर्ने गरिएको छ तर कर्मचारीले पहिलेनै बिदा लिएमा सो पाउने छैनन् ।

२.२.१५ करः (स्थगन कर समेत)

वर्षको नाफा नोक्सानको आयकरमा वर्तमान कर तथा स्थगन कर समेत समावेश रहेका हुन्छन् । कुनै वस्तु सिधै पूजीमा लेखांकन गरिएकोमा (Recognized) बाहेक आयकर आय विवरणमा Recognized गरिएको छ । वर्तमान कर एक अपेक्षा गरिएको कर हो जुनकि वासलात मितिको करको दर अनुसार तिर्नु पर्ने करयोग्य आय तथा अघिल्लो वर्षको तिर्नु पर्ने करको समायोजन भई हुने रकम हुन्छ ।

वासलात दायित्व तरिकाबाट स्थगन कर गणना गरिन्छ । जस्मा वित्तिय विवरणमा किताबी सम्पत्ती तथा दायित्वको किताबी मूल्य विचको अस्थाई भिन्नताको आधारमा गणना गरिन्छ । स्थगन कर सम्पत्तीका दायित्वको अनुमानित प्राप्य वा समायोजित किताबी मूल्यको आधारमा वासलात मितिको कर दरमा गणना गरिन्छ ।

स्थगन कर सम्पत्ति त्यति बेला सम्म मात्रै गणना गरिन्छ जुन सम्पत्ति प्रयोग गरे वापत भविष्य मा सम्भाव्य करयोग्य नाफा प्राप्त हुन्छ । सम्भाव्य कर सम्बन्धी सुविधा प्राप्त भए सम्म मात्र स्थगन कर सम्पत्ति राखिन्छ र त्यस पश्चात स्थगन कर सम्पत्ति घटाउदै जान्छ । लाभांश वितरणका कारणले श्रृजित अतिरिक्त आयकर सम्बन्धी लाभांशको दायित्व भुक्तानी संगै लेखांकन गरिन्छ ।

२.२.१६ व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वः

व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वलाई लागत मूल्यमा देखाइएको छ ।

२.२.१७ व्यवस्थाहरू, संभावित दायित्व र संभावित सम्पत्तिः

विगतको घटनाको परिणाम स्वरूप श्रृजित दायित्व जसको कारणले स्रोत साधनको वहिर्गमनको सम्भावना बढ्न जान्छ र जुन दायित्वको भरपर्दो अनुमान गर्न सकिन्छ, त्यस्ता दायित्वको व्यवस्था गरिएको छ । व्यवस्था गरिएको रकमहरूलाई हालको मूल्य अनुसार समायोजन (Discount) गरिएको छैन तर वर्षान्तको वासलातमा दायित्वको निर्धारण गर्न पूनरमूल्याङ्कन गरिएको र आवश्यक भरपर्दो अनुमानलाई आधार मानिएको छ ।

नेपाल लेखामानको व्यवस्था अनुसार प्रत्येक वासलातको मितिमा व्यवस्थाहरूको पुनरावलोकन गरि हालको उपयुक्त अनुमान अनुसार समायोजन गर्ने गरिन्छ । भविष्यमा संभावित दायित्व सिर्जना हुन सक्ने, तर संभावना कम रहेको संभावित दायित्व (Contingent Liabilities) लाई छुट्टै देखाइएको छ । संभावित सम्पत्तीको

पहिचान वित्तिय विवरणमा गरिएको छैन । तथापी, निरन्तर सम्पत्तीको निर्धारण र यदी आर्थिक लाभको सुनिश्चितता भएमा सम्भावित सम्पत्ति र सम्बन्धीत आम्दनीलाई उत्पन्न अवधिमा नै लेखाङकन गरिएको छ ।

२.२.१८ आम्दानीको लेखाङ्कनः

आम्दानीको लेखाङ्कन त्यो हदसम्म गरिएको छ जसको आर्थिक फाइदाको सम्भावना कम्पनीलाई हुन सक्छ तथा आम्दानी र सोका लागि गरिएका खर्च वा सम्भावित खर्चलाई समेत भरपर्दो रूपमा मापन गर्न सकिन्छ । मूल्य अभिवृद्धि कर र अन्तःशुल्क घटाइसके पछिको मूल्यमा आम्दानीको वास्तविक मुल्य हो । जसको भुक्तानी प्राप्त भईसकेको वा प्राप्त नभईसकेको पनि हुनसक्छ । आम्दनी लेखाङकनमा होटल ओपरेशन संग सम्बन्धित कोठा भाडा, फुड एण्ड बेभरेज तथा अन्य सेवाहरूको संलग्नता रहेको छ ।

व्यवस्था (Arrangement) गरिएको प्रमाण, स्थिर दर/शूल्क अथवा संकलन क्षमता निस्चित भएमा मात्र सेवा वापतको आम्दनी लेखांकन गरिन्छ । सेवा वा वस्तु विक्री वापतको आम्दानी भन्नाले अप्रत्यक्ष कर (Indirect Taxes), छुट र फिर्ताको खुद रकम हो ।

२.२.१९ खर्चहरूः

सञ्चालन लिज भुक्तानी

सञ्चालन लिज वापतको भुक्तानीलाई लिजको शर्त अनुसार समदर प्रणाली (Straight Line Method) बमोजिम नाफा नोक्सान हिसावमा खर्च लेखाङ्कन गरिएको छ । लिज वापत प्राप्त हुने रकमलाई जम्मा लिज वापतको रकमको अभिन्न अङ्गको रूपमा आय विवरणमा लेखाङ्कन गरिएको छ ।

खुद वित्तिय लागत

खुद वित्तिय खर्चहरूमा ऋणमा लाग्ने प्रभावशाली (Effective) ब्याज दरले गणना गरि देखाइएको ब्याज खर्च र सोमा विदेशी मुद्रा नाफा नोक्सान समेत समावेश छ ।

ब्याज आम्दानीलाई प्रभावकारी प्रतिफल (Effective Yield) को आधारमा एक्रुयल आधारमा नाफा नोक्सान हिसावमा आम्दानी जनाइएको छ । लाभांश आम्दानीलाई भुक्तानी प्राप्त हुने अधिकार सृजना हुने आधारमा नाफा नोक्सान हिसावमा आम्दानी देखाउने गरिएको छ ।

२.२.२० समूहकृत प्रतिवेदनः

समूहकृत भन्नाले कम्पनीको विभाजन गर्न सकिने विभिन्न विभाग (काम) जसमा वस्तु वा सेवा प्रदान गर्ने वा वस्तु तथा सेवा प्रदान गर्ने विभिन्न आर्थिक वा भौगोलिक, जुन विषयवस्तुको जोखिम वा प्रतिफलको आधारमा छुट्टाउन सकिन्छ ।

२.२.२१ सञ्चालन अनिरन्तरताः

संचालन अनिरन्तरता भन्नाले कम्पनीको कुनै व्यवसाय जसलाई अनिरन्तरता तथा बन्द गरिएको र जुन छुट्टै व्यवसायको तथा भौगोलिक रूपमा प्रस्तुत गरिएको छ ।

२.२.२२ सम्बन्धित पक्ष कारोबारः

सम्बन्धित पक्षसँगको सबै कारोबारलाई कम्पनीले सामान्य बजार व्यवहार (Arms Length Prices) सिद्धान्तको आधारमा गर्ने गरेको छ ।

२.२.२३ प्रति शेयर आम्दानीः

प्रति शेयर आम्दानी गणना गर्दा यस अवधिको खुद नाफा/नोक्सानलाई सोही अवधिको जम्मा शेयरको भारित औसत संख्याले भाग गरी निकालिएको छ ।

प्रति शेयरको Diluted आम्दानी गणना गर्नको लागि सो समायोजन अवधिको खुद नाफा/नोक्सान र सोही अवधिको लागि सम्भावित Diluted शेयरको भारित औसत संख्याका आधारमा साधारण शेयर संख्या अनुमान गरी कूल शेयर संख्याले भाग गरी निकालिएको छ ।

३.१९ लेखा सम्बन्धी टिप्पणीहरू:

३.१९.१ बिक्रीको लागत:

आम्दानी प्राप्त गर्नको लागि प्रत्यक्ष रूपमा गरिएका खर्चहरूलाई बिक्रीको लागतमा राखिएको छ ।

३.१९.२ अवकाश सुविधा:

कम्पनीले कर्मचारी अवकाश सुविधा योजना अन्तर्गत कर्मचारी सञ्चय कोष, कर्मचारी उपदान कोष र सञ्चित विदाको भुक्तानीको व्यवस्था गरेको छ । आवधिक रूपमा सञ्चय कोष वापतको योगदानलाई आय विवरणमा खर्च लेखिएको छ ।

वर्षान्तको उपदान वापतको दायित्वलाई वास्तविक रूपमा मुल्याङ्कन कर्ताबाट मूल्यांकन नगरिएपनि तोकिएको अवधि सम्म सेवारत कर्मचारीहरूलाई सम्बन्धित वर्षको आधारभुत पारिश्रमिकको आधारमा उपदान कोषको व्यवस्था गरिएको छ । यस बर्षको लागि उपदान वापत रु.१,७०,५३,१२२/३७ को व्यवस्था गरिएको छ जुन नाफा नोक्सान हिसावमा खर्च देखाइएको छ ।

त्यसैगरी होटलको नियम अनुसार कर्मचारीको सञ्चित विदाको सट्टा नगद भूक्तानी वापतको दायित्व २०७४ आषाढ मसान्तलाई अवकाशको अन्तिम दिन मान्दा रु.१,२३,५८,२४३/५४ दायित्व देखिन्छ (गत वर्ष रु.१,०४,००,९९१ थियो) ।

यस वर्ष सञ्चय कोष स्वरूप सम्मा रु.१,२२,४८,७०४/६६ आय विवरणमा खर्च लेखिएको छ ।

कम्पनीले उपदान वापतको रकम स्वीकृत उपदान कोषमा राख्ने प्रक्रियामा रहेको छ ।

३.१९.३ कोठाको अक्यूपेन्सी (Room Occupancy):

यस वर्ष कोठाको अक्यूपेन्सी दर ६९ प्रतिशत रह्यो, जुन गत वर्ष ५७ प्रतिशत रहेको थियो ।

३.१९.४ सम्पत्ति पट्टा बहाल:

कम्पनीले तारा गाउँ विकास समितिसँग ४९ वर्षको लागि १४८ रोपनी जग्गा बहालमा लिएको छ । जसलाई मे १९, १९९४ को सहमति पत्रअनुसार नवीकरण गर्न सकिने छ । पट्टा बहाल खर्चलाई आय विवरणमा खर्च लेखिएको छ ।

३.१९.५ क्यासिनोको सञ्चालन:

क्यासिनो सञ्चालनको लागि प्राइड इन्टरटेनमेन्ट एण्ड रिक्रिएसन प्रा.लि. सँग १७ नोवेम्बर २०१६ देखि लागु हुने गरी सम्झौता गरेको र सोही अनुसार यस आ.व.को लागि सोहि अवधिको वहाल आम्दानी लेखाङ्कन गरिएको छ ।

३.१९.६ १८% अग्राधिकार शेयरलाई ६% असुरक्षित ऋणमा परिवर्तन गरिएको :

१८% अग्राधिकार शेयर र उक्त शेयरबाट पाकेको लाभांशलाई ६% असुरक्षित ऋणमा परिणत गरिएकोमा उक्त ऋण वापतको भुक्तानी २०७१।०५।०२ देखि गरिदै आएकोछ यस्तै असुरक्षित ऋण वापतको व्याजको भुक्तानी मिति २०७०।०९।१६ देखि गरिदै आएकोछ । प्रतिवेदन मिति (Reporting date) अनुसार, असुरक्षित ऋणमा दावि नपरेको रकम रु.५,४१,२७,४९०/- र दावी नपरेको व्याज रु.१,९७,५३,२२९/- कायम रहेको छ ।

३.१९.७ सहवित्तियकरण सम्झौता बमोजिम माग गर्ने विकल्प (Share Call Option):

बैंक/ऋणदाताहरूले ऋणलाई साधारण शेयरमा परिवर्तन गरेको सम्बन्धमा, बैंक/ऋणदाताहरूले शेयर लिएको मितिदेखि ५ वर्ष भित्रमा कुनै पनि समयमा बैंक तथा ऋणदाताहरूले तारागाउँ रिजेन्सी होटल्स लि. को लिन कबुल गरिएको शेयरहरू फेरी किन्न सक्ने अधिकार यस कम्पनीको संस्थापकसँग रहेको थियो । तर यो आमन्त्रणको समय समाप्त भैसकेको छ । अब बैंक/ऋणदाताहरूले आफ्नो सुविधा अनुसार कुनै पनि व्यक्तिलाई उक्त शेयर बेच्न सक्ने छ तर संस्थापकहरूलाई पहिलो इन्कारी गर्नको लागि १५ दिनको अवसर दिइने छ ।

३.१९.८ हयात व्यवस्थापन खर्च (Hyatt Management Fee):

कम्पनीले हायात व्यवस्थापन शुल्क बापत रु.८.२४ करोड व्यवस्था गरेको छ । जुन हायात इन्टरनेशनलसँग ११ नोभेम्बर १९९६ मा सहमति भई नेपाल सरकारको उद्योग विभागबाट १० सेप्टेम्बर १९९७ मा स्वीकृति भए बमोजिमको हयात व्यवस्थापनले १६ जुलाई २०१६ देखि १५ जुलाई २०१७ सम्मको देखाएको कूल सञ्चालन नाफाको १६% ले हुने रकम हो । त्यस्तै कम्पनिले विभिन्न मितिमा उद्योग विभागबाट पुरक सम्झौताहरू पनि स्विकृति गराएको छ र पछिल्लो पटक मिति २०७२।०५।१४ मा स्विकृत लिएको छ । त्यसै गरी कम्पनीले Chain Allocation Fee बापत यस वर्ष हयातलाई तिर्नु पर्ने रु.२.३८ करोडको व्यवस्था गरेको छ ।

३.१९.९ संभावित दायित्वः

क) आयकर र मु.अ.करः

कम्पनिले आ.व.२०६६।०६७ सम्मको मुद्दाहरूमा कर फछ्र्यौटको लागि श्री कर फछ्र्यौट आयोगमा दिएको निवेदन उपर गत आ.व.मा कर फछ्र्यौट आयोगबाट निर्णय भई, टि.डि.एस र मु.अ.कर दायित्वको मिलान भयो । आ.व.२०६७।०६८ देखि २०७०।०७१ सम्मको प्रशासकिय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा विचाराधीन अवस्थामा रहेको छ । धरौटी स्वरूप रु.७,२१,६०,००० जम्मा गरिएको छ र आन्तरिक राजश्व विभागबाट निर्धारण गरी माग गरिएको रकम भने व्यवस्था गरिएको छैन ।

करको संभावित दायित्वको विवरण निम्नानुसार रहेको छः

आर्थिक वर्ष	जम्मा कर धरौटी रु.	संभावित दायित्व रु.
२०६७।०६८	१०,००,०००/००	२९,६८,९३२/००
२०६८।०६९	९,६०,०००/००	१,६३,१५,६८२/९०
२०६९।०७०	३,१०,००,०००/००	११,३४,८९,१०६/००
२०७०।०७१	३,९२,००,०००/००	११,७५,७६,४५०/१७
जम्मा	**७,२१,६०,०००/००**	**२५,०३,५०,१७१/०७**

ख) काठमाण्डौ महानगरपालिका जग्गा तथा बाहालकरः

यस आ.व.मा काठमाण्डौं महानगरपालिका कार्यालयसँगको घर जग्गा कर मुद्दा टुङ्याउन कम्पनीले रु.४०,५५,५००/- तिरेको छ ।

ग) पूँजीको प्रतिवद्धताः

कम्पनीले आगामी आ.व.मा Banquet Hall, कोठा, Café/Restaurant को Refurbishment गर्ने योजना रहेकोछ जसको लागि अनुमानित बजेट रु.५० करोड रहेको छ ।

३.१९.१० आयकर व्यवस्था:

आयकर ऐन, २०५८ को व्यवस्था अनुसार यस वर्षको लागि रु.१.२६ करोड आयकरको व्यवस्था गरिएको छ । तथापि, कर लेखापरिक्षण/निर्धारण सम्पन्न भएपछि वास्तविक कर दायित्व भने फरक हुन सक्नेछ ।

३.१९.११ स्थगन कर दायित्व र सम्पत्तिको प्रमाणिकरण:

स्थगन कर (Deferred Tax) करको दर र वासलात तयार गरिदासमको दिनका प्रचलित कर कानुनको आधारमा मूल्याङ्कन गरिन्छ । यस्तो कर सम्पत्ति भविष्यमा यथेष्ट करयोग्य आय हुने अवस्था निश्चित भएमा मात्र स्थगन करको व्यवस्था गरिन्छ । यस आर्थिक वर्षमा स्थगन कर (Deferred Tax) को सम्पत्ति रु.१,९६,६६,७१८/- हुन आएको छ, जुन २०७४ आषाढ मसान्तसम्म आय विवरणमा अभिलेखित नाफा र कर नाफा बीचको समयअन्तरको कारणबाट आएको भिन्नता हो । विस्तृत विवरण तल उल्लेख गरिएको छ:

विवरण	शुरु मौज्दात (श्रावण १, २०७३)	चालू वर्षको	अन्तिम मौज्दात (आषाढ ३१, २०७४)
परसारिएको कर सम्पत्ति/(दायित्व)			
समय अन्तरको कारणले:			
क) स्थिर सम्पत्ति	(१५,१०,१९,२८०)	१,९४,६३,४१६	(१३,१५,५५,८६४)
ख) उपदान	७०,३०,२०३	२,०३,३०२	७२,३३,५०५
खुद सम्पत्ति/(दायित्व)	**(१४,३९,८९,०७७)**	**१,९६,६६,७१८**	**(१२,४३,२२,३५९)**

३.१९.१२ कर्मचारी बोनस:

कर अघिको खुद नाफाको १० प्रतिशत बोनसको व्यवस्था गरिएको छ ।

३.१९.१३ कर्मचारी आवास कोष:

कर र बोनस भन्दा अघिको खुद नाफाको ५% कर्मचारी आवास कोषको व्यवस्था गरिएको छ ।

३.१९.१४ सम्बन्धित पक्षसँगको कारोबार:

नेपाल ट्राभल एजेन्सी प्रा.लि.सँगको कारोबार:

कम्पनीले नेपाल ट्राभल एजेन्सी प्रा. लि. सँग सवारी भाडा खर्च बापत रु.३५,७६,६८६/०९ भुक्तानी गरी ग्राहकहरूलाई ल्याउन/लैजानको लागि सवारी साधन भाडामा लिएको छ, जहाँ श्री अरूण कुमार सराफ सञ्चालक हुनुहुन्छ ।

आइसिटिसि समुह (संस्थापक शेयरधनी) सँगको कारोबार:

कम्पनिले आइसिटिसिलाई रु.२९,९३,६५०/३१ बराबरको बिक्रि गरि आम्दानी प्राप्त गरेको छ ।

व्यवस्थापनका मुख्य पदाधिकारीहरूको पारिश्रमिक:

कम्पनीले यस आर्थिक वर्षमा पारिश्रमिक स्वरूप प्रबन्ध सञ्चालकलाई रु. ६३ लाख र कार्यकारी सञ्चालकलाई रु.४२ लाख भूक्तानी गरेको छ ।

३.१९.१५ सेवा शुल्कः

कम्पनीको सम्पूर्ण बिक्रीमा आफ्ना ग्राहकहरूलाई १० प्रतिशत सेवा शुल्क लगाउने गरिएको छ । उक्त सेवा शुल्क मध्ये ६८ प्रतिशत कर्मचारीलाई, २ प्रतिशत होटल संघ नेपाल (HAN) लाई वितरण गर्ने गरेको र बाँकी ३० प्रतिशतले हुन आउने रु.३.७७ करोडलाई कम्पनीको आम्दानी जनाइएको छ ।

३.१९.१६ प्रति शेयर आम्दानीः

प्रति शेयर आम्दानी निम्न अनुसार गणना गरिएको छः

विवरण	यस वर्ष	गत वर्ष
कर पछिको नाफा रु.	२८,०७,७२,४०६	१३,६७,१०,१९७
साधारण शेयरको भारित औसत संख्या (इकाइ)	१,८८,६६,५४०	१,८८,६६,५४०
साधारण शेयरको Diluted संख्या (इकाइ)	१,८८,६६,५४०	१,८८,६६,५४०
शेयरको न्यूनतम मुल्य (रु.)	१००	१००
प्रतिशेयर आम्दानी (रु.)	१४.८८	७.२५
Diluted प्रतिशेयर आम्दानी (रु.)	१४.८८	७.२५

३.१९.१७ अन्य व्यवसायिक आम्दानीः

कम्पनीका अन्य व्यवसायिक आम्दानी मूख्य व्यवसायसँग सम्बन्धित छैन । यसमा लागत समायोजन पश्चात्को आम्दानी मात्र लेखाङ्कन गरिएको छ । यस अन्तर्गत निम्नलिखितको नाममा रहेको दायित्वलाई आम्दानीमा बाधिएको रु.५.३६ करोड रहेको छ । उक्त आम्दानीको संचालक समितिबाट पारित भएको छ ।

विवरण	रकम
Docomo लाई भुक्तानी गर्नु पर्ने	१,९४,२३,५९०।०१
Hyatt International लाई भुक्तानी गर्नु पर्ने	३,४१,६२,४४५।२५
जम्मा	५,३५,८६,०३५।२६

३.१९.१८ समूहकृत प्रतिवेदनः

कम्पनी एक मात्र समूहकृत होटल व्यवसायमा संलग्न रहेको हुनाले समूहकृत प्रतिवेदनमा खुलाउन आवश्यक नदेखिएको । यसको अतिरिक्त कम्पनी नेपालमा मात्र सञ्चालन रहेको हुनाले भौगोलिक समूहकृत अन्तर्गत अतिरिक्त जानकारीहरू आवश्यक नभएको ।

३.१९.१९ बीमा दावी

२०७२।०१।१२ र २०७२।०१।२९ मा गएको विनाशकारी भुकम्पको कारणले भवनमा हुन गएको क्षतिको मर्मत तथा सम्भार गर्दा रु.८.४ करोड खर्च भएको छ जसलाई शिखर इन्सुरेन्स कम्पनीमा दावी गरिएकोमा आ.व. २०७४।०७५ मा रु.६ करोड दिने सहमति भएको जस मध्ये आ.व. २०७३।०७४ सम्ममा रु.१.५ करोड प्राप्त भई सकेको र बाँकी आगामी वर्षमा प्राप्त हुनेछ । कम्पनीले इन्सुरेन्सबाट लगभग रु.५ करोड क्षतिपूर्ति पाउन सक्ने अनुमान गरि गत वर्षको हिसाबमा देखाइएको र अतिरिक्त प्राप्त रु.१ करोड यस वर्षको आम्दानीमा जनाइएको छ ।

३.१९.२० रकमहरूको पुनःसामूहिकरणः

गत वर्षका खर्चहरूलाई निम्न बमोजिम पुनःसामुहिकरण गरिएको छ ।

गत वर्षको शिर्षक	पुनःसामुहिकरण शिर्षक	पुनःसामुहिकरण अंक
मर्मत तथा सुधार	विविध खर्च	४,४४,०००/-
मर्मत तथा सुधार	सुरक्षा खर्च	८,७८,१०४/१५
मर्मत तथा सुधार	सुरक्षा खर्च	७९,८३३/३७

विगतमा मर्मत तथा सुधार शिर्षकमा रहेका फोहोर व्यवस्थापन रु.४,४४,०००।००, जीवन सुरक्षा रु.८,७८,१०४।१५ र जीवन सुरक्षा सि.टी. रु.७९,८३३।३७ लाई पुनः सामुहिकरण गरि फोहर व्यवस्थापनलाई विविध खर्च र जीवन सुरक्षालाई सुरक्षा खर्चमा राखिएको छ ।

३.१९.२१ चालु स्थितिमा रहेको काम

चालु स्थितीमा रहेको Banquet को Refurbishment अन्तर्गतको भित्री डिजाइन निमित्त परामर्श सेवा प्रदान गरे वापत M/S EDC INTERNATIONAL SDH BDH लाई अग्रीम भुक्तानी गरेको । Banquet को Refurbishment सम्पन्न नभए सम्म, सम्पूर्ण सम्बन्धीत खर्चलाई कार्य प्रगतिमा राखेको छ । त्यसै गरि ASSA ABLOY DOOR LOCKS र SUPREME WASHER EXTRACTOR 105 KG वस्तु प्राप्त गरेका छौं र उक्त मेशीन जडान हुने प्रकृयामा रहेको र आगामी आर्थिक वर्षमा सम्पन्न हुनेछ । जडान सम्पन्न नभए सम्म, दुवै सम्पत्तिलाई कार्य प्रगतिमा राखिएको छ ।

विवरण	रकम
M/S Edc International Sdh Bdh	१९,००,५८८/२४
Assa Abloy Door Locks	५५,७८,८५६/३७
Supreme Washer Extractor 105 Kg	५७,०२,८६५/७२
जम्मा	१,३१,८२,३१०/३३

३.१९.२२ प्रस्तावित लाभांश

नोक्सानी रकम रु.१४,०२,१६,६२०/- समायोजन गरे पश्चात इक्विटी शेयरधनीमा वितरण निमित्त कम्पनी सँग यस आ.व.मा रु.१४,०५,५५,७८५/- अधिशेष रहेकोमा संचालक समितिले आफ्ना शेयरधनीहरूलाई ७ प्रतिशत खुद नगद लाभांश (५ प्रतिशत टि.डि.एस घटाए पश्चात) बाँड्न प्रस्ताव गरेको जुन कि आगामी वार्षिक साधारण सभाका शेयरधनीहरूबाट पारित गरिनेछ ।

३.१९.२३ निकटतम् रकमः

वित्तिय विवरणको रकमहरूका पैसाहरूलाई निकटतम् रूपैयाँमा देखाइएको छ ।

३.१९.२४ विविधः

सम्पूर्ण रकमहरूलाई नेपाली रूपैयाँमा देखाइएको छ ।

खरिद, विक्री, प्राप्य र दायित्व खाता अन्तर्गतका व्यालेन्स पुष्टि प्राप्त गर्न प्रकृयामा रहेको छ ।

नोट

Pre-function

Regency Ballroom

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

बौद्ध, जि.पि.ओ. बक्स ९६०९, काठमाण्डौं, नेपाल

फोन नं. ०१-५१७१२३४/४२१७१२३

फ्याक्स : ०१-५१७८३७९

Email: info@taragaon.com, shares@taragaon.com